मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ४ • अंक १२९ • २०८२ साल चैत्र १४ गते शनिबार • Saturday 28, March 2026 • सूर्योदय: बिहान ०६:०० बजे • सूर्यास्त: साँझ ०६:२० बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## मोदीद्वारा बालेनलाई बधाई

**मधेशदृष्टि**
**वीरगंज ।**
भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालका नवनियुक्त प्रधानमन्त्री बालेन्द्र शाहलाई बधाई तथा शुभकामना दिएका छन् । मोदीले सामाजिक सञ्जाल एक्समार्फत बालेन शाहको नियुक्तिले नेपाली जनताले यहाँको नेतृत्वप्रति राखेको विश्वासलाई प्रतिबिम्बित गर्ने भन्दै दुई देशका जनताको आपसी हितका लागि भारत–नेपाल मित्रता र सहकार्यलाई अझ उचाइमा पु¥याउन म यहाँसँग मिलेर काम गर्न तत्पर रहेको उल्लेख गरेका छन् ।

# ३६ वर्षीय बालेन नेपालका ४३ औँ प्रधानमन्त्री



**मधेशदृष्टि**
**वीरगंज।**
३६ वर्षीय बालेन्द्र शाह बालेन नेपालको ४३ औँ प्रधानमन्त्री भएका छन् । शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता एवम् संसदीय दलका नेता शाहलाई प्रधानमन्त्रीमा नियुक्त गरेका हुन्।

शुक्रबार नै प्रधानमन्त्री बालेनले राष्ट्रपतिबाट शपथ खाएसँगै सरकार विस्तार र मन्त्रिपरिषद्को पहिलो बैठक डाकेर महत्वपूर्ण निर्णय गर्दै बालुवाटार प्रवेशसमेत गरेका छन्। उनी नेपालको संविधानको धारा ७६ (१) अनुसार बहुमतप्राप्त संसदीय दलको नेताका रुपमा प्रधानमन्त्री भएका हुन्।

फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा झापा क्षेत्र नं ५ बाट निर्वाचित बालेन यसअघि काठमाडौँ महानगरका प्रमुख थिए । उनले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई ठूलो मतान्तरले पराजित गरेका थिए।

आयुर्वेदिक चिकित्सक डा. रामनारायण शाह र ध्रुवादेवी शाहका सुपुत्र बालेन २०४७ वैशाख १४ गते काठमाडौँको नरदेवीमा जन्मिएका हुन् । उनको पुख्यौली घर भने महोत्तरीको एकडारा हो।

'¥याप आर्टिस्ट'का रूपमा समेत ख्याति कमाएका शाहले भारतबाट एम टेक (संरचनागत इन्जिनियरिङ) र पूर्वाञ्चल विश्वविद्यालयबाट सिभिल इन्जिनियरिङमा स्नातक गरेका छन्। विसं २०७९ को स्थानीय तह निर्वाचनमा शाह काठमाडौँ महानगरपालिकाको प्रमुखमा निर्वाचित भएका थिए । प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवारी दिन उनले माघ ४ गते महानगर प्रमुख पदबाट राजीनामा दिएका थिए। शाहले काठमाडौँको प्रमुख रहँदा पर्यटन र अर्थतन्त्र प्रवद्र्धनका लागि नेवा संरचनाको संरक्षणमा महत्वपूर्ण योगदान दिएका थिए।

सहरी शासन र विकास कार्यक्रमको नेतृत्व, पूर्वाधार सुधार, सम्पदा संरक्षण र सेवा प्रवाहमा सुधारमासमेत उनको योगदान छ । महानगरपालिकाका अवैध संरचना हटाउन, फुटपाथ तथा सहरी व्यवस्थापन गर्न उनको योगदान छ। नेपालका विभिन्न क्षेत्रमा विशेषगरी भूकम्पपछिको पुनःनिर्माण र सहरी व्यवस्थापनमा उनले उल्लेखनीय योगदान गरेका छन्।

शाहले २०७२ सालको भूकम्पपछिको पुनःनिर्माणमा सक्रिय सहभागिता जनाएका थिए । पुल, सडक र भवन डिजाइन तथा निर्माणमा अनुभव आर्जन गरेका शाहले सम्पदा संरक्षण तथा संरचनागत संरक्षण, पर्यटनमार्फत आर्थिक विकास र परम्परागत नेवा वास्तुकलामा विशेष जोड दिएका थिए।

दुई दर्जनभन्दा बढी ¥याप कम्पोज गरेका शाहका सिर्जना भ्रष्टाचारको विरोध तथा सुशासनको अपेक्षा, युवा तथा सामाजिक मुद्दामा बढी केन्द्रित छन्। उनका गीतमा बेरोजगारी, असमानता, राजनीतिक विकृतिका साथै राज्य प्रणालीमाथि प्रश्न गरिएको हुन्छ। संविधानसभाको दोस्रो निर्वाचनपछि नै शाहले 'म नेपाल हाँसेको हेर्न चाहन्छु' गीत सार्वजनिक गर्दै देशप्रतिको आफ्नो चिन्ता व्यक्त गरेका थिए।

भदौ २३ र २४ गते भएको जेन्जी आन्दोलनमा समर्थन जनाएका शाहमाथि आन्दोलनको कार्यादेश पूरा गर्नुपर्ने अभिभारा आइलागेको छ । नयाँ पुस्ताको बेचैनी र विद्रोहलाई सम्बोधन गर्दै परिवर्तनको चाहनालाई उनले पूरा गर्नुपर्नेछ।

## अमेरिकाको बधाई

नवनियुक्त प्रधानमन्त्री वालेन्द्र शाहलाई संयुक्त राज्य अमेरिकाले बधाई दिएको छ । यहाँस्थित अमेरिकी दूतावासले सामाजिक सञ्जाल फेसबुकमार्फत प्रधानमन्त्री शाह र नयाँ सरकारलाई बधाई दिंदै अमेरिका आपसी समृद्धि तथा क्षेत्रीय स्थिरतालाई अघि बढाउन नेपालसँग सहकार्य गर्न उत्सुक रहेको उल्लेख गरेको छ।

## एनआरएनको बधाई

गैरआवासीय नेपाली सङ्घ (एनआरएन)ले नवनियुक्त प्रधानमन्त्री बालेन्द्र शाहलाई बधाई दिएको छ। सङ्घका अध्यक्ष डा. हेमराज शर्माले शुक्रबार विज्ञप्तिमार्फत शाहलाई प्रधानमन्त्रीमा नियुक्त भएकामा बधाई ज्ञापन गर्दै सफल, प्रभावकारी तथा ऐतिहासिक कार्यकालको शुभकामना व्यक्त गरे। अध्यक्ष शर्माले प्रधानमन्त्री शाहको कार्यकालमा सङ्घ र विदेशमा रहेका नेपालीले सरकारसँग रचनात्मक सहकार्य गर्दै नेपालको विकास प्रक्रियामा दरिलो तथा विश्वसनीय साझेदारका रूपमा योगदान पु¥याउने अपेक्षा राखेको उल्लेख गरेका छन्।

## यस्तो छ मन्त्रिपरिषद्

१. बालेन्द्र शाहः प्रधानमन्त्री, रक्षा र उद्योग, वाणिज्य तथा आपूर्ति
२. डा. स्वर्णिम वाग्लेः अर्थमन्त्री
३. सुधन गुरूङः गृहमन्त्री
४. शिशिर खनालः परराष्ट्रमन्त्री
५. सुनील लम्सालः भौतिक पूर्वाधार तथा यातायात एवम् सहरी विकासमन्त्री
६. विराजभक्त श्रेष्ठः ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री
७. खडक राज पौडेलः संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री
८. सस्मित पोखरेलः शिक्षा, विज्ञान तथा प्रविधि एवम् खेलकुदमन्त्री
९. निशा मेहताः स्वास्थ्य तथा जनसंख्या एवम् खानेपानीमन्त्री
१०. डा. विक्रम तिमिल्सिनाः सञ्चार तथा सूचना प्रविधिमन्त्री
११. प्रतिभा रावलः सामान्य प्रशासन तथा भूमि व्यवस्था तथा गरिबी निवारणमन्त्री
१२. सोविता गौतमः कानून, न्याय तथा संसदीय मामिलामन्त्री
१३. गीता चौधरीः कृषि तथा पशुपक्षी एवम् वन तथा वातावरणमन्त्री
१४. डा. दिपक कुमार साहः श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री
१५. सीता वादीः महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री

## प्रधानमन्त्रीको पुख्यौली गाउँमा उत्सव

नवनियुक्त प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) को पुख्यौली गाउँमा शुक्रबार उत्सव मनाइएको छ । महोत्तरीको एकडारा गाउँपालिका–१ स्थित पुख्यौली गाउँ एकडारामा गाउँवासीले उत्सव मनाइएको हो । एकडारा गाउँपालिकाका अध्यक्ष दीपनारायण मण्डलले शाह देशकै प्रमुख कार्यकारी पद (प्रधानमन्त्री) मा नियुक्त हुँदा जिल्लामै खुसीयाली मनाइएको बताए । 'एकडारा–१ मात्र होइन् जिल्लावासीले नै खुसियाली साटासाट गर्दै उत्सव मनाइरहेका छन्,' उनले भने।

राष्ट्रपति रामचन्द्र पौडेलले शाहलाई शुक्रबार प्रधानमन्त्रीमा नियुक्त गरेसँगै एकडारावासी एकापसमा रङ, अबिर दलेर, फूलमाला लगाएर, एकापसमा अँगालो मारेर र शुभकामना तथा बधाई आदानप्रदान गरिरहेका एकडारा–१ का वडाध्यक्ष मनोज मण्डलले बताए । वडाध्यक्ष मण्डलका अनुसार एकडाराको नाम इतिहासमा दर्ज भएको भन्दै पुख्यौली गाउँमा उत्सव मनाइएको छ। 'आज एकडारावासी घरघरमा मीठो पकवान पकाएर खाने, खुवाउने गर्दैछन्, एकडारा गाउँभरि र बटुवालाई विभिन्न लड्डु, पेडा तथा मिठाइ बाँड्ने काम भइरहेको छ,' उनले भने।

प्रधानमन्त्री शाहको घर एकडारा–१ मा पर्छ। घरमा हाल एकडारा गाउँपालिकाको कार्यालय सञ्चालनमा छ । शुक्रबार साँझ एकडाराको घरघरमा दीपावली मनाइएको गाउँपालिकाका अध्यक्ष मण्डलले बताए।

## बालुवाटार प्रवेश

नवनियुक्त प्रधानमन्त्री बालेन शाह सरकारी निवास बालुवाटार सरेका छन्।

प्रधानमन्त्रीको शपथ लिएर सिंहदरबारमा पदबहाली गरी प्रधानमन्त्री शाह साइत पारेर बालुवाटार प्रवेश गरेका हुन् । प्रधानमन्त्रीको निवासको बालुवाटारमा सरकारी निवासको व्यवस्था गरिएको छ। उनी निवास छिर्नु अघि विशेष पूजापाठ गरिएको थियो।

## पाँचवर्षका प्रधानमन्त्रीः रवि



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले वरिष्ठ नेता बालेन शाहलाई प्रधानमन्त्री बनाउन पाउँदा आफूलाई गर्व महसुस भएको बताएका छन् । सिंहदरबारमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले आमजनताको बीचमा गरेको बाचा पूरा गरेको बताए।

उनले भने, 'हामीले जनताका बीचमा गरेको बाचा पूरा गरेका छौँ। अब बाचा पत्रमा नागरिकको जनजीविकामा परिवर्तन ल्याउने बाचा गरेका छौँ। त्यो जिम्मेवारी पूरा गर्ने दायित्व हामीसँग छ।'

उनले बालेन शाह बालेन ५ वर्षकै लागि प्रधानमन्त्री बनेको भन्दै त्यो भन्दा अझ बढी समय बन्नसक्ने बताए । उनले कुनै आलोपालोको सहमति नभएको प्रस्ट पारे।

## एकतिहाइ महिला मन्त्री



प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) नेतृत्वको १५ सदस्यीय मन्त्रिपरिषद्मा पाँच जना मन्त्री महिला छन्। कानून, न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतम, सामान्य प्रशासन मन्त्री प्रतिभा रावल, महिला, बालबालिका मन्त्री सीता वादी, स्वास्थ्य तथा जनसंख्या मन्त्रीमा निशा मेहता र कृषि मन्त्रीमा गीता चौधरी नियुक्त भएका छन्। उनीहरुसँगै मन्त्रिपरिषद्मा ३३ प्रतिशत महिला सहभागिता देखिएको छ।

## पहिलो मन्त्रिपरिषद् बैठकले राष्ट्रिय तरंग



नवगठित सरकारको पहिलो मन्त्रिपरिषद् बैठकले भदौ २३ र २४ गतेको प्रदर्शनक्रममा भएको घटना छानबिन गर्न गठित उच्चस्तरीय जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गरेको छ । साथै बैठकले सरकारको प्रवक्तामा शिक्षा, विज्ञान तथा प्रविधि र युवा तथा खेलकुदमन्त्री सस्मित पोखरेललाई तोक्ने निर्णय गरेको छ। पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको आयोगको प्रतिवेदनले कारबाहीका लागि सिफारिस गरेकामध्ये सुरक्षा निकायका हकमा अर्को अध्ययन समिति गठन गर्ने र अन्यको हकमा तत्काल कार्यान्वयन गर्ने निर्णय भएको बैठकपछि सरकारका प्रवक्ता पोखरेलले जानकारी दिए।

आयोगले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, तत्कालीन गृहमन्त्री रमेश लेखक, तत्कालीन प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङलगायतलाई कारबाही सिफारिस गरेको थियो।

तत्कालीन प्रधानमन्त्री सुशीला कार्कीलाई बुझाइएको प्रतिवेदन सङ्घीय संसद् सचिवालयको पुस्तकालयमा अभिलेख राखी सार्वजनिक गर्ने निर्णय गरिएको थियो । बैठकले जेन्जी आन्दोलनलगायत विभिन्न आन्दोलनमा सहादत प्राप्त भएकाहरूलाई श्रद्धाञ्जली दिने निर्णय पनि गरेको छ।

बैठकले शासकीय सुधारका योजना स्वीकृत गरेको प्रवक्ता पोखरेलले जानकारी दिए । नवनियुक्त प्रधानमन्त्री बालेन्द्र शाहले सिंहदबारस्थित पदभारपछि मन्त्री र सचिवहरूलाई जनताको पक्षमा काम गर्न निर्देशन दिएका छन्।

## राजीनामा

महान्यायाधिवक्ता सविता भण्डारी बरालले आज आफ्नो पदबाट राजीनामा दिएकी छन् । उनलाई सुशीला कार्कीले भदौ २९ गते नियुक्त गरेकी थिइन् । सरकारको कानूनी सल्लाहकारका रूपमा नियुक्ति हुने महान्यायाधिवक्ताले प्रधानमन्त्रीको बिदाइसँगै राजीनामा दिने प्रचलन छ।

## पाकिस्तानको बधाई

नवनियुक्त प्रधानमन्त्री वालेन्द्र शाहलाई पाकिस्तानका प्रधानमन्त्री सेहबाज सरिफले बधाई दिंदै सफल कार्यकालको शुभकामना व्यक्त गरेका छन् । पाकिस्तानी प्रधानमन्त्री सरिफले सामाजिक सञ्जाल एक्समार्फत राष्ट्रिय स्वतन्त्र पार्टीको भारी बहुमतसहित निर्वाचित भई पदभार ग्रहण गर्नुभएकामा प्रधानमन्त्रीमा शाहलाई बधाई ज्ञापन गरेका हुन् । उनले पाकिस्तानले नेपालसँगको दीर्घकालीन र मैत्रीपूर्ण सम्बन्धलाई उच्च महत्व दिएको उल्लेख गर्दै क्षेत्रीय शान्ति, स्थिरता र समृद्धिका साझा लक्ष्यहरूलाई अघि बढाउँदै द्विपक्षीय सहकार्य अझ सुदृढ बनाउन प्रधानमन्त्री शाहसँग नजिकबाट सहकार्य गर्ने अपेक्षा राखेको बताए।

## बधाई




राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह प्रधानमन्त्रीमा नियुक्त हुनु भएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु। साथै, आजै नियुक्त हुनु भएका सबै मन्त्रिपरिषद्का सदस्यहरुलाई पनि बधाई तथा सफलताको शुभकामना।

**शेरबहादुर देउवा**
**पूर्वप्रधानमन्त्री**

## भारतको बधाई

भारतका विदेशमन्त्री डा. एस जयशङ्करले नवनियुक्त परराष्ट्रमन्त्री शिशिर खनाललाई बधाई दिंदै कार्यकाल सफलताको शुभकामना व्यक्त गरेका छन् । विदेशमन्त्री डा जयशङ्करले सामाजिक सञ्जालमार्फत उनलाई परराष्ट्रमन्त्रीको जिम्मेवारी सम्हाल्नु भएकोमा बधाई दिंदै द्विपक्षीय परम्परागत साझेदारीलाई अझ सुदृढ बनाउन उहाँसँग नजिकबाट सहकार्य गर्न आतुर रहेको उल्लेख गरे।

## बधाई



राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह प्रधानमन्त्री नियुक्त हुनु भएकामा हार्दिक बधाई । नवनियुक्त सम्माननीय प्रधानमन्त्री शाह लगायत मन्त्रिपरिषदका सबै सदस्यको कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछु।

**केपी ओली, अध्यक्ष,**
**नेकपा एमाले**

## बधाई



नेपालका नवनियुक्त प्रधानमन्त्री श्री बालेन्द्र शाह तथा मन्त्रिपरिषद्का नवनियुक्त मन्त्रीहरूमा हार्दिक बधाई तथा सफल कार्यकालको हार्दिक शुभकामना व्यक्त गर्दछु।

देशको समुन्नति, नागरिक अधिकार रक्षा र सुशासनको लागि सरकारका हरेक सकारात्मक प्रयासहरूमा नेपाली कांग्रेसको रचनात्मक सहयोग र साथ रहनेछ। हार्दिक शुभकामना !

**गगन थापा, सभापति,**
**नेपाली कांग्रेस**

# राष्ट्रपतिद्वारा सेतो मच्छेन्द्रनाथको पूजा आराधना एवम् दर्शन



**काठमाडौँ ।**
सेतो मच्छेन्द्रनाथको रथ तानेर असन ल्याएपछि बिहीबार राति राष्ट्रपति रामचन्द्र पौडेलले रथको पूजा एवम् दर्शन गरी प्रसाद ग्रहण गरेका छन् ।
असनमा राति करिब १० बजे उनले सेतो मच्छेन्द्रनाथको दर्शन एवम् पूजा आराधना एवम् दर्शन गरेको हो । सेतो मच्छेन्द्रनाथको रथ तानेर असन ल्याएको राति राष्ट्राध्यक्षले असनमै पुगेर पूजा एवम् दर्शन गरी प्रसाद ग्रहण गर्ने परम्परा रहेको छ ।
तीनधारा पाठशालाअघि ३२ हात लामो रथ बनाएर चैतेदसैँका दिनदेखि तान्ने गरिएको छ । यो रथलाई नागराजको प्रतीक मानिन्छ । प्रत्येक वर्ष यो जात्रा गरेपछि वर्षा र सह हुने धार्मिक विश्वास छ । रथ दोस्रो दिन असनबाट वसन्तपुरस्थित कालभैरवअघि लगिन्छ । तेस्रो दिन वसन्तपुरबाट लगन लगेर जात्रा गर्ने परम्परा छ । लगनमा सेतो मच्छेन्द्रनाथको आमाको मन्दिरमा रथ तीनपटक घुमाउने गरिन्छ । राजधानीमा सेतो मच्छेन्द्रनाथको रथयात्रा सकेपछि ललितपुरमा रातो मच्छेन्द्रनाथको रथयात्राको प्रक्रिया सुरु हुने परम्परा रहेको छ ।
प्रत्येक वर्ष चैत्र शुक्ल अष्टमीदेखि दरबारमार्गस्थित तीनधारा पाठशालाबाट सुरु हुने वर्षा र सहकालका देवता सेतो मच्छेन्द्रनाथको रथयात्रा सुरु भएको छ । रथयात्रामा हजारौँको सहभागिता जुटेको छ । रथयात्राका लागि बिहीबार बेलुकी ५ बजे केलटोलबाट देवताको खट दरबारमार्गस्थित तीनधारा पाठशालाअघि लगिएको थियो । बेलुकी त्यही रथमा राखी यात्रा सुरु गरिएको सेतो मच्छेन्द्रनाथ रथ व्यवस्थापन समितिले जनाएको छ । पहिलो दिन बिहीबार रथ असन पुर्याइएको जनाइएको छ ।
सोही क्षेत्रमा तीन दिनसम्म रथयात्रा चल्ने गर्छ । असन, वसन्तपुर, जैसीदेवल, लगन हुँदै पुनः रथयात्रा मच्छेन्द्रवहालमा ल्याएर अन्त्य गरिन्छ । रथ निर्माणका लागि काठलगायत व्यवस्था गुठी संस्थानले गर्ने परम्परा छ । चैत्र शुक्ल अष्टमीका दिन बिहीबार कुमारीलाई पनि तीनधारा पाठशाला परिसरमा लगेर रथयात्रा सुरु गरिएको सेतो मच्छेन्द्रनाथका पुजारी एवम् काठमाडौँ महानगरपालिका–२५ का पूर्वअध्यक्षसमेत रहिसकेका नीलकाजी शाक्यले जानकारी दिए । रासस



**प्रविधिको प्रयोग गरेर आलुखेतीः** बाराको फेटागाउँपालिका–३ त्रिवेणीका किसान आधुनिक प्रविधिको प्रयोग गरेर आलु रोप्दै । किसान पारस ठाकुरले आलु रोप्ने र खन्ने मेसिन (पोटाटो प्लान्टर र पोटाटो डिगर) प्रविधिको प्रयोग गरेर खेती गर्दा परम्परागत खेती गर्दा भन्दा आधा खर्च जोगिने गरेको जानकारी दिए । तस्बिरः रासस

# पूर्वश्रममन्त्रीलाई हराएर श्रममन्त्री नै बने महोत्तरीका साह

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
महोत्तरी निर्वाचन क्षेत्र २ बाट निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेता दीपक कुमार साह अहिले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेपालका वरिष्ठ नेता वालेन्द्र साहको नेतृत्वमा रहेको संघीय सरकारमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री बनेका छन् ।
रोचक कुरा के छ भने, उनले यही मन्त्रालय सम्हालिरहेका अनुभवी नेता शरतसिंह भण्डारीलाई निर्वाचनमै पराजित गरेर आफू नै मन्त्रालयको नेतृत्वमा पुगेका हुन् । पहिलो प्रयासमै १९ औँ पटक मन्त्री भइसकको भण्डारीलाई उनले हराउँदा एकाएक चर्चामा आएका थिए ।
२०४७ चैत १० मा महोत्तरीको महोत्तरी गाउँपालिका ६ को गोरगामा गाउँमा जन्मिएका साह स्वास्थ्य क्षेत्रबाट राजनीतिमा प्रवेश गरेका नयाँ अनुहार हुन् । जनस्वास्थ्य विषयमा स्नातकोत्तर तहसम्म अध्ययन गरेका उनले बेलायतको लन्डन स्कुल अफ हाइजिन एन्ड ट्रपिकल मेडिसिन र त्रिभुवन



विश्वविद्यालयअन्तर्गतको चिकित्साशास्त्र अध्ययन संस्थानबाट शिक्षा हासिल गरेका छन् ।
शैक्षिक रूपमा सुदृढ पृष्ठभूमि बनाएका साहले विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) र एफएचआई ३६० जस्ता अन्तर्राष्ट्रिय संस्थामा काम गर्दै सार्वजनिक स्वास्थ्य तथा विकास क्षेत्रमा अनुभवसमेत बटुलेका छन् । बुबाको रामकृपाल साह पनि स्वास्थ्यका पूर्व कर्मचारी हुन् । बुबाको पेसाबाट प्रेरित उनी स्वास्थ्य पेसालाई नै मुख्य कर्मको रुपमा अघि बढाइरहे ।
राजनीतिक रुपमा अनुभवहिन उनी राजनीतिमा प्रवेश गर्दा उनले स्वास्थ्य सेवा सुधार, युवा स्वरोजगारको विस्तार र भ्रष्टाचारमुक्त प्रशासन निर्माणलाई मुख्य एजेन्डाका रुपमा निर्वाचनमा अघि सरे ।
गाउँठाउँका समस्या नजिकबाट बुझेका र माटोसँग जोडिएका उम्मेदवारका रूपमा मतदातामाझ प्रस्तुत भएका साहलाई जनताले विश्वास गरे । परिणामस्वरूप, पहिलो पटक चुनाव लड्दै उनले स्थापित राजनीतिक शक्तिलाई चुनौती दिँदै उल्लेखनीय जित निकाले ।
गत प्रतिनिधिसभा निर्वाचनमा साहले ३२ हजार ७२२ मत प्राप्त गर्दै विजयी हुँदा उनका निकटतम प्रतिस्पर्धी जनता समाजवादी पार्टी (नेपाल) का वरिष्ठ नेता तथा पटकपटक मन्त्री भइसकेका शरतसिंह भण्डारीले १० हजार १९८ मतमा सीमित हुनुपरेको थियो ।
प्रत्यक्ष राजनीतिक अनुभव नभए पनि विषयविज्ञता र नयाँ सोचका कारण साहले छोटो समयमा नै राष्ट्रिय राजनीतिमा प्रभावशाली उपस्थिति देखाएका छन् । पुराना र स्थापित नेताहरूलाई चुनौती दिँदै उदीयमान पुस्ताको प्रतिनिधित्व गर्ने पात्रका रूपमा उनी उभिएका छन् ।
अहिले श्रम मन्त्रालयको नेतृत्व सम्हाल्दै उनले आफ्ना चुनावी प्रतिबद्धताहरू व्यवहारमा उतार्ने अवसर पाएका छन् । बेरोजगारीको समस्याले ग्रसित मधेशले उनी मन्त्रीपछि सुधार हुने अपेक्षामा छन् ।

# नेपाली शान्ति सैनिकको अदलीबदली



**काठमाडौँ ।**
संयुक्त राष्ट्रसङ्घको आह्वानमा शान्ति स्थापना कार्यको लागि सेन्ट्रल अफ्रिकन रिपब्लिकनमा तैनाथ नेपाली शान्ति सैनिकको अदलीबदली गरिएको छ ।
देशमा शान्ति स्थापनाका लागि परिचालित रिपुमर्दन गण (शान्ति सेना) सातौँ डफ्फा र श्री सैनिक प्रहरी युनिटको दशौँ डफ्फालाई बदली गर्नको लागि श्री कालीबहादुर गणको आठौँ डफ्फा र सैनिक प्रहरी युनिटको एघारौँ डफ्फाका १७९ जना बिहीबार त्यसतर्फ प्रस्थान गरेका छन् ।
नेपाली सेनाका अनुसार, शान्ति सैनिकको पहिलो टोली मिसन इलाका प्रस्थान गरेका छन् । त्यस्तै, उक्त मिसनमा आफ्नो कार्यकाल सम्पन्न गरेका २११ जना नेपाली शान्ति सैनिक स्वदेश फिर्ता भइसकेका छन् । हाल उक्त मिसनमा नेपाली सेनाका एक हजार १०७ जना शान्ति सैनिक कार्यरत छन् ।

# बाह्र वर्षपछि दोदा नदीमा पुल निर्माण

**कञ्चनपुर ।**
कृष्णपुर नगरपालिका र लालझाडी गाउँपालिका जोड्ने दोदा नदीको पुल सम्झौता भएको १२ वर्षपछि निर्माण सम्पन्न भएको छ ।
पुल निमार्णका लागि २०७२ पुस २६ गते लुम्बिनी राजेन्द्रकुमार श्रेष्ठ जेभी कैलालीसँग ठेक्का सम्झौता भएको थियो । सम्झौताअनुसार पुल निर्माणको काम २०७५ पुस २६ मा सम्पन्न गर्नुपर्ने भए पनि सम्झौता गरेको १२ वर्षपछि पुल निर्माण सम्पन्न भएको डिभिजन सडक कार्यालय महेन्द्रनगरले जनाएको छ ।
पुल निमार्णको सम्झौताअनुरूप त्यतिबेला काम सुरु भएर तीनवटा पिलरसम्म निर्माण भएका थिए । तर पुलको फाउन्डेसनमा समस्या देखिएपछि डिजाइन परिर्वतन भएर पुल निर्माण हुन १२ वर्ष लागेको हो । ‘पुलको फाउन्डेसनमै समस्या देखिएपछि डिजाइन परिवर्तन गरेर पुल निर्माण गर्न समय लाग्यो,’ डिभिजन सडक कार्यालय महेन्द्रनगरका इन्जिनियर हरिसप्रसाद जोशीले भने, ‘पुल निर्माण सम्पन्न भएर आवतजावत सुरु भइसकेको छ ।’ उनका अनुसार उक्त पुल निमार्णका लागि तीनपटकसम्म म्याद थप गरिएको थियो ।
दोदा नदीमा पुल नहुँदा वर्षौंदेखि यहाँका स्थानीयले आवतजावतमा समस्या झेल्दै आएका थिए । ‘पुल बनेपछि हामीलाई आवतजावतमा




सहज भएको छ, वर्षात्मा ज्यान जोखिममा राखेर खोला तर्नुपर्ने बाध्यता थियो ।’ यहाँका स्थानीय भूपेन्द्र चौधरीले भने, ‘पुल बनेपछि यहाँका स्थानीयलाई ठूलो राहत भएको छ ।’
नदीपारि बसाइ र वारि खेतबारीको काम गनुपर्ने भएकाले बाध्य भएर ज्यान नै जोखिममा राखेर खोला तर्नुपर्ने बाध्यता रहेको अर्का स्थानीय रमेश महर बताउनुहुन्छ । ‘नदीपारि लालझाडीमा बसाइ रहेका धेरैको वारि कृष्णपुर नगरपालिकामा खेती छ,’ उनले भने, ‘पुल बनेपछि यहाँका स्थानीय हर्षित छन् ।’ उनले उक्त नदीमा पुल नहुँदा यहाँका स्थानीयहरू रोपाइको सिजनमा सास्ती खेप्दै आएको बताए । पुल निमार्णका लागि लुम्बिनी राजेन्द्रकुमार श्रेष्ठ जेभी कैलालीसँग रु २४ करोड २२ लाख ५७ हजारमा ठेक्का सम्झौता भएको थियो । रासस

# मुस्ताङ एयरको हेलिकप्टर सुरक्षित भेटियो

**काठमाडौँ ।**
शुक्रबार मध्यान्हदेखि दोलखाको लाप्चा क्षेत्रबाट सम्पर्कविहिन भएको मुस्ताङ एयरको हेलिकप्टर फेला परेको छ । मुस्ताङ एयरका प्रबन्ध निर्देशक रोनान लामिछानेले दोलखाको लाप्चामा हेलिकप्टर सुरक्षित भेटिएको राससलाई जानकारी दिए । क्याप्टेन सुरज थापाको कमाण्डमा रहेको नाइन एन–एएनओ हेलिकप्टर लाप्चामा सुरक्षित अवतरण गरेको उनले बताए ।
दोलखाको लाप्चा क्षेत्र लाङटाङको दक्षिण–पूर्वमा पर्छ । प्रबन्ध निर्देशक लामिछानेले सुरक्षित भेटिएको उक्त हेलिकप्टर भोलि मात्र काठमाडौँ फर्कने बताए । हेलिकप्टरमा चालक दलका सदस्यसहित पाँच जना सवार रहेका थिए ।

# पौने १९ करोड अपचलन गर्ने सहकारी सञ्चालकविरुद्ध मुद्दा

**काभ्रे ।**
सहकारीको १८ करोड ७६ लाख चार हजार ५३२ अपचलन गरी बचतकर्ताको रकम फिर्ता नगरेपछि बनेपा नगरपालिका–७ स्थित पशुपति बचत तथा ऋण सहकारी संस्था लिमिटेडका सञ्चालकविरुद्ध मुद्दा दर्ता गरिएको छ ।
एक सय तीन बचतकर्ताद्वारा सहकारीका १७ सञ्चालकलगायत सम्बद्धविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालय काभ्रेपलाञ्चोकमार्फत जिल्ला अदालत धुलिखेलमा सहकारी ठगी अभियोगमा मुद्दा दर्ता गरिएको हो ।
बचतकर्ताको जम्मा रकम फिर्ता नगरेपछि पीडितहरुले दिएको किटानी जाहेरीका आधारमा जिल्ला सरकारी वकिल कार्यालय काभ्रेपलाञ्चोकले अभियोग दर्ता गराएको जनाइएको छ ।
जिल्ला न्यायाधिवक्ता टीकाभुषण घिमिरेका अनुसार दर्ता मुद्दामा अदालतबाट पक्राउ पुर्जी जारी भई पीडितको बचत रकम फिर्ता गराउन अभियोगमा माग गरिएको छ । आरोपित भने सबै फरार छन् । सहकारी ठगी अभियोगमा सहकारीका सञ्चालक समिति, कर्मचारी तथा पूर्वअध्यक्षहरूसमेत गरी १७ जना संलग्न भएको उल्लेख गरिएको छ ।
अभियोग दर्तामा सहकारीका अध्यक्ष भुम्लु गाउँपालिका घर भई बनेपा बस्ने ४३ वर्षीय पानबहादुर श्रेष्ठ, उपाध्यक्ष पनौती नपा–७ की ५१ वर्षीया विन्देश्वरी कायस्थ मधिकर्मी, प्रबन्ध निर्देशक एवं व्यवस्थापक भक्तपुर सूर्यविनायक नपा–८ का ३९ वर्षीय राजाराम सकुपायो, सञ्चालकहरू भक्तपुर सुर्यविनायक–८ कै ३९ वर्षीया लक्ष्मीकुमारी श्रेष्ठ, सिन्धुपाल्चोकका ३२ वर्षीय रुकेश श्रेष्ठ लेखाप्रमुख भक्तपुर सिपाडोल निवासी ३५ वर्षीया प्रमिला मानन्धर रहेका छन् ।
यस्तै ऋण अधिकृत बनेपा–९ का ३६ वर्षीय रामसुन्दर बस्नेत, सञ्चालकहरू बनेपा–४ का ४० वर्षीय जयगोपाल श्रेष्ठ, खानीखोला गाउँपालिका–६ का ४१ वर्षीय कृष्णप्रसाद घिमिरे र बनेपा–४८ का ३३ वर्षीय मनिष श्रेष्ठ, बजार अधिकृत बनेपा–७ का ३५ वर्षीय प्रदीप शाहीलगायत रहेका छन् ।
जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकले भने सहकारीबाट ऋण लिएर नतिर्ने ऋणीहरूलाई प्रहरीले आफूले लिएको ऋण तिर्न अनुरोध गर्दै आएको छ । प्रहरीले हालैमात्र उक्त पशुपति सहकारी बनेपा नपा–७ स्थित मुकुल बचत तथा ऋण सहकारी संस्थाबाट ऋण लिई नतिर्ने तथा सम्पर्कमा नआउने ऋणीलाई कारबाहीको दायरामा ल्याउनेसमेत चेतावनी दिएको थियो ।
जिल्लामा सञ्चालित करिब एक दर्जन सहकारीका सञ्चालकले हालसम्म बचतकर्ताको बचत रकम ठगी गरेको भन्दै प्रहरीकोमा उजुरी परेको छ । उजुरीमध्ये सहकारीको रकम अपचलन अभियोग लागेका २६ जना पक्राउ परेको जनाइएको छ । अभियोग लागेकामध्ये ६७ जना सहकारी सञ्चालक अझै फरारको सूचीमा रहेको प्रहरीले जनाएको छ । रासस



**राममन्दिरमा भक्तजनः** रामनवमीको अवसरमा जनकपुरधामस्थित राम मन्दिरमा पूजापाठ गर्न आएका भक्तजन ।

# सिमावर्ती मन्दिरमा मेला सुरु

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल–भारत सीमावर्ती क्षेत्र बिहारस्थित ऐतिहासिक आदिशक्ति सहोदरा माई मन्दिरमा नेपाली दहित परिवारले बलि चढाएसँगै शुक्रबारदेखि विधिवत रूपमा मेला सुरु भएको छ । पश्चिमी चम्पारण जिल्लाको गौनाहा प्रखण्ड अन्तर्गत जमुनिया पञ्चायतमा रहेको मन्दिरमा दश दिनसम्म मेला सञ्चालन हुने भएको छ । देवाढ गाउँमा अवस्थित मन्दिरमा प्रत्येक वर्ष राम नवमीको अवसरमा मेला लाग्ने परम्परा रहिआएको छ । मेलाको सुरुवात नेपाली दहित परिवारद्वारा पहिलो पूजा तथा बलि चढाएर गर्ने प्रचलन छ । पहिलो पूजा तथा बलि चढाउने जिम्मा पर्साको पटेर्वासुगौली गाउँपालिका वडा नं. ५ देउरियास्थित दहित परिवारमा रहेको परिवारका सदस्य महादेव दहितले बताए । जेष्ठताका आधारमा जयनारायण दहित, शिव दहित र शंकर दहितले क्रमशः पूजा तथा बलि चढाउने परम्परा कायम छ । सोहदरा माइको मन्दिरमा भक्तजनहरूले भाकलअनुसार बोका, हाँस, कुखुरा लगायतका जीवको बलि चढाएका छन् । ऐतिहासिक रूपमा यो मन्दिर आदिवासी थारु समुदायको प्राचीन संस्कृतिसँग जोडिएको मानिन्छ । यस कारण मन्दिरमा परम्परागत रूपमा थारु पुजारी रहने चलन रहेको जमुनियाका स्थानीय अमित कुमार चौधरीले बताए ।

# मेयरलाई कारबाही गर्न कांग्रेसको सिफारिस

**मधेशदृष्टि**
**धनुषा ।**
धनुषाको मिथिला नगरपालिकाका मेयर महेन्द्र महतोलाई नेपाली कांग्रेसबाट निष्कासन गर्न सिफारिस गरिएको छ । महेन्द्रनगरमा बसेको क्षेत्रीय समितिको विस्तारित बैठकले उनलाई ६ वर्षका लागि पार्टीबाट निष्कासन गर्न सिफारिस गर्ने निर्णय गरेको क्षेत्रीय सचिव बुधेश्वर महतोले जानकारी दिए । बैठकले मिथिला–२ का वडा सभापति अशेश्वर महतो र बटेश्वर गाउँपालिका–३ का वडासभापति तथा वडाध्यक्ष राममणि कुशवाहाको जिम्मेवारी खोस्ने निर्णय गरेको छ । बैठकमा सहभागीहरूका अनुसार धनुषा–४ का प्रतिनिधिसभा सदस्य पदका प्रत्यासी तथा कांग्रेसका पूर्व सहमहामन्त्री महेन्द्र यादवको प्रस्तावमा मेयर महतोलाई निष्कासन गर्ने निर्णय सर्वसम्मत रूपमा पारित भएको हो । पार्टीविरुद्ध गतिविधिमा संलग्न रहेको प्रमाण भेटिएपछि यस्तो निर्णय गरिएको विस्तारित बैठकका सहभागीहरूले बताए ।

# फरार रहेका ९ प्रतिवादी पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**
अदालतको फैसला कार्यान्वयन अभियान अन्तर्गत रौतहट प्रहरीले लामो समयदेखि फरार रहेका ९ जना प्रतिवादीलाई पक्राउ गरेको छ ।
जिल्ला प्रहरी कार्यालय रौतहट तथा मातहतका प्रहरी युनिटबाट खटिएको टोलीले कैद तथा जरिवाना सजाय तोकिएका विभिन्न मुद्दाका ७ जना र चालु मुद्दाका २ जना प्रतिवादीलाई पक्राउ गरेको हो । रौतहट प्रहरी प्रमुख, एसपी सिताराम रिजालका अनुसार पक्राउ पर्नेहरूमा मेघु राय यादव (किर्ते जालसाजी), अनुकूल गुप्ता (चोरी), विजय चौधरी (जुवा), कल्पना चौधरी (नाताकायम) मुद्दा, र सुकुन्ती देवी (गाली बेइज्जती) मुद्दा रहेका छन् । यस्तै, जलसी देवी कुर्मी (देहानी) मुद्दा, प्रेम यादव (अपराधिक उपद्रव) मुद्दा रहेका छन् । चालु मुद्दातर्फ हृदयलाल राय यादव (ज्यान मार्ने उद्योग) र नरेन्द्र राय यादव (मिटर ब्याज) मुद्दामा पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी विष्णु प्रदीप बस्यालका अनुसार पक्राउ परेका सबैलाई आवश्यक कारबाहीका लागि शुक्रवार रौतहट जिल्ला अदालतमा पठाइएको छ ।

# क्रिकेटमा मधेश र सुदूरपश्चिम विजयी

**मधेशदृष्टि**
**वीरगंज ।**
प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिता अन्तर्गत शुक्रबार भएका खेलमा मधेश प्रदेश र सुदूरपश्चिम प्रदेश विजयी भएका छन् । जनकपुरमा भएको खेलमा मधेशले लुम्बिनी प्रदेशलाई २५ रनले पराजित गरेको छ । मधेशले दिएको १२५ रनको लक्ष्य पच्छ्याएको लुम्बिनीले २६ ओभरमा ९९ रन बनाउँदा सबै विकेट गुमायो । यसअघि टस जितेर ब्याटिङ गरेको मधेशले ३८ ओभर १ बलमा सबै विकेट गुमाएर १२४ रन बनायो । मधेशका मयन यादवले ३१ रन बनाए । लुम्बिनीका सन्देश थापा र सन्तोष यादवले ३–३ विकेट लिए । प्रतियोगितामा मधेशको यो लगातार दोस्रो जीत हो भने लुम्बिनीको यो पहिलो हार हो । यस्तै वीरगंजमा भएको खेलमा सुदूरपश्चिमले कोशी प्रदेशलाई ७ विकेटले पराजीत गरेको छ । कोशीले दिएको १३१ रनको लक्ष्य सुदूरपश्चिमले १९ ओभर ५ बलमा ३ विकेट गुमाएर भेटायो । सुदूरपश्चिमका खडक बोहोराले ६६ रन बनाए । कोशीका विपिन महतोले २ विकेट लिए । यसअघि टस हारेर ब्याटिङ गरेको कोशीले ४३ ओभर ४ बलमा १३० रन बनाउँदा सबै विकेट गुमायो । कोशीका शिवाश बजगाईंले २५, सुमन श्रेष्ठले २४ रन बनाए । सुदूरपश्चिमका हेमन्त धामीले ४ विकेट लिए । प्रतियोगितामा सुदूरपश्चिमको यो दोस्रो जीत हो भने कोशीको लगातार तेस्रो हार हो । नेपाल क्रिकेट सङ्घ (क्यान) को आयोजनामा भइरहेको प्रतियोगितामा ७ वटा प्रदेश र ३ वटा विभागीय टोलीको सहभागिता छ । खेलहरु काठमाण्डौको मूलपानी मैदान तथा मधेश प्रदेशको वीरगंज र जनकपुरमा भइरहेका छन् । प्रतियोगिताको उपाधि विजेताले १० लाख तथा उपविजेताले ५ लाख रुपैयाँ पुरस्कार पाउनेछन् ।

# समावेशीतातर्फको ऐतिहासिक पाइला तर यात्रा अझै अधूरो

**–किशोर गुरु**



नेपालको राजनीतिक इतिहासमा आजको दिन साँच्चै स्वर्णाक्षरले लेखिने क्षण बनेको छ । मधेशी समुदायबाट देशको प्रधानमन्त्री (कार्यकारी प्रमुख) र जनजाति समुदायबाट गृहमन्त्री नियुक्त हुनु केवल सत्ताको सामान्य हेरफेर होइन, यो नेपाली राज्यसत्ताको चरित्रमै आएको एउटा गुणात्मक परिवर्तनको स्पष्ट संकेत हो ।
यो घटनाले नेपालमा दशकौंदेखि उठ्दै आएको प्रतिनिधित्वको प्रश्नलाई केन्द्रमा ल्याएको छ । लामो समयसम्म राज्यसत्ता सीमित वर्ग र समुदायको नियन्त्रणमा केन्द्रित रहँदै आएको यथार्थ कसैबाट लुकेको छैन । शासनसत्ताको शीर्ष तहमा एकै खालको सामाजिक–सांस्कृतिक पृष्ठभूमिका व्यक्तिहरूको प्रभुत्वले अन्य समुदायलाई राज्यको मूलधारबाट टाढा राख्ने काम गर्‍यो ।
मधेशी, थारु, जनजाति, मुस्लिम, दलित तथा अन्य उत्पीडित समुदायहरूले आफ्नो पहिचान, अधिकार र समान सहभागिताका लागि निरन्तर संघर्ष गर्दै आएका थिए । मधेश आन्दोलनदेखि विभिन्न पहिचानमुखी आन्दोलनहरूले राज्यलाई पुनर्संरचनाको दिशातर्फ उन्मुख गराए । आजको राजनीतिक परिवर्तन ती संघर्षहरूको एउटा आंशिक तर महत्वपूर्ण प्रतिफलका रूपमा देख्न सकिन्छ ।
'सबैको पहिचान, सबैको अधिकार' भन्ने मूल मन्त्र केवल नारामा सीमित नभई व्यवहारमा देखिन थालेको संकेत आजको घटनाले दिएको छ । कार्यकारी नेतृत्व र आन्तरिक सुरक्षाजस्तो महत्वपूर्ण जिम्मेवारीमा मधेशी र जनजाति समुदायको उपस्थिति हुनु आफैंमा ऐतिहासिक उपलब्धि हो । यसले 'बहुराष्ट्रिय राज्य' को अवधारणालाई थप सशक्त बनाउँदै राज्यको पुनर्संरचनाको बहसलाई नयाँ ऊर्जा प्रदान गरेको छ ।
यस परिवर्तनको अर्को महत्वपूर्ण पक्ष यसको सामाजिक–मनोवैज्ञानिक प्रभाव हो । जब सीमान्तकृत समुदायका प्रतिनिधिहरू राज्यको 'ड्राइभिङ सिट' मा पुग्छन्, तब उनीहरूमा राज्यप्रति अपनत्व र विश्वासको भावना विकास हुन्छ । विगतमा राज्यलाई 'पराया शक्ति' का रूपमा हेर्ने दृष्टिकोण विस्तारै परिवर्तन हुँदै 'हाम्रो राज्य' भन्ने भावना बलियो बन्छ ।
यसले हिमाल, पहाड र मधेशबीचको दूरी घटाउँदै राष्ट्रिय एकतालाई मजबुत बनाउन पनि सहयोग पुर्‍याउन सक्छ । विविधतालाई स्वीकार गर्दै त्यसलाई राज्य संरचनामा प्रतिबिम्बित गर्नु नै समावेशी लोकतन्त्रको आधार हो। यस दृष्टिले हेर्दा, आजको परिवर्तन केवल राजनीतिक उपलब्धि नभई समावेशी नेपाल निर्माणतर्फको एउटा साहसिक पाइला हो ।
तर, यस उपलब्धिलाई अन्तिम उपलब्धिका रूपमा हेर्न मिल्दैन । व्यक्ति परिवर्तनसँगै राज्यका नीति, संरचना र कार्यशैलीमा पनि परिवर्तन आवश्यक छ । यदि पुरानै सोच र व्यवहार कायम रह्यो भने, केवल पदमा नयाँ अनुहार आउँदैमा वास्तविक समावेशिता सुनिश्चित हुन सक्दैन ।
मधेशी र जनजाति समुदायका भाषा, संस्कृति र पहिचानलाई व्यवहारिक रूपमा सम्मान गर्नुपर्छ । राज्यका सबै तहमा समान अवसर, न्याय र पहुँच सुनिश्चित गरिनुपर्छ । उत्पीडित वर्गका लागि लक्षित नीतिहरू प्रभावकारी रूपमा कार्यान्वयन हुनुपर्छ ।
यद्यपि, आजको उपलब्धिका बाबजुद पनि समावेशीताको यात्रा अझै अधुरो छ । विशेषतः मुस्लिम समुदाय र मधेशी दलित समुदायको प्रतिनिधित्व यस स्तरमा सुनिश्चित हुन सकेको भए, यो उपलब्धि अझ व्यापक र वास्तविक अर्थमा समावेशी बन्न सक्थ्यो । यी समुदायहरू अझै पनि राज्यको उच्च तहमा पर्याप्त रूपमा प्रतिनिधित्व हुन सकेका छैनन् ।
त्यसैले, समावेशिता केवल केही समुदायको सहभागितामा सीमित नरही सबै उत्पीडित र वञ्चित समुदायको समान उपस्थितिमा आधारित हुनुपर्छ । आजको उपलब्धि महत्वपूर्ण सुरुवात हो, तर अझ धेरै गर्न बाँकी छ भन्ने यथार्थलाई स्वीकार गर्नैपर्छ ।
अन्ततः, शपथ ग्रहण गर्ने सम्पूर्ण माननीय मन्त्रीहरूलाई हार्दिक बधाई तथा सफल कार्यकालका लागि शुभकामना । उनीहरूको कार्यकालले देशमा समावेशिता, सुशासन र न्यायको नयाँ अध्याय प्रारम्भ गरोस् भन्ने अपेक्षा गर्न सकिन्छ ।

# शैक्षिक गुणस्तर सुधार्न विद्यालयमा पूर्वाधार विकास

**सिरहा ।**
लहान नगरपालिका–८ स्थित सिद्धार्थ आधारभूत विद्यालयमा नवनिर्माण गरिएको चारकोठे भवन, हात धुने स्थान, शौचालय र खानेपानी संरचना हस्तान्तरण गरिएको छ ।
विद्यालयमा निर्मित चारकोठे भवन नगरपालिकाले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत ४५ लाख रुपैयाँ लागतमा निर्माण गरेको नगरप्रमुख महेशप्रसाद चौधरीले जानकारी दिए । यसका साथै नगरपालिकामा सञ्चालित 'द विकन परियोजना' मार्फत १७ लाख ५३ हजार १ सय ७८ रुपैयाँको लागतमा भवनबाहेकका अन्य सरसफाइ र खानेपानीका संरचना निर्माण गरिएका हुन् । यो परियोजनामा वाटर एड नेपाल, नेपाल खानेपानी संस्थान, लहान नगरपालिका र दलित जनकल्याण युवा क्लब साझेदारका रूपमा रहेका छन् ।



हस्तान्तरण कार्यक्रममा नगरप्रमुख चौधरीले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार्न भौतिक पूर्वाधार पहिलो शर्त भएको बताए । उनले भने, 'सामुदायिक विद्यालयको भौतिक पूर्वाधार सुधारबिना गुणस्तरीय शिक्षा सम्भव हुँदैन । विद्यार्थीका लागि सुरक्षित र बालमैत्री वातावरणमा पढ्न पाउने अधिकार सुनिश्चित गर्न नगरपालिकाले शिक्षा क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको छ । अब भौतिक संरचना तयार भइसकेकाले यस विद्यालयमा पनि अङ्ग्रेजी माध्यममा पठनपाठन सञ्चालन गरिनेछ ।'
विद्यालयकी प्रधानाध्यापक सुधा चौधरीले करिब २ सय विद्यार्थी रहेको यस विद्यालयमा जीर्ण भौतिक संरचनाका कारण विगतमा पठनपाठनमा ठूलो समस्या भोग्नुपरेको स्मरण गरिन् । उनका अनुसार पहिले शौचालय नहुँदा विद्यार्थी र शिक्षकहरू बाहिर जानुपर्ने र खानेपानीको अभावमा विद्यार्थी घरै फर्किनुपर्ने बाध्यता थियो, जुन अब पूर्ण रूपमा अन्त्य भएको छ ।
लहान नगरपालिकाले पछिल्लो समय 'एक विद्यालय, एक कम्प्युटर' र 'एक कक्षाकोठा, एक पङ्खा' जस्ता कार्यक्रममार्फत डिजिटल र भौतिक सुविधा विस्तार गरिरहेको छ । विकन परियोजनाले पनि लहानका विभिन्न विद्यालयमा १५ सयभन्दा बढी विद्यार्थीलाई स्वच्छ खानेपानी र एक हजार १ सय भन्दा बढीलाई व्यवस्थित शौचालयको पहुँच पुर्याएको जनाएको छ ।

## टेलिकमको थ्रिजी सेवा बन्द हुने

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल टेलिकमले निकट भविष्यमा थ्रिजी नेटवर्क सेवा बन्द गर्ने तयारी गरेको जनाएको छ । प्रविधिको तीव्र विकाससँगै उच्च गतिको इन्टरनेट सेवा विस्तार गर्ने उद्देश्यले कम्पनीले फोरजी सेवामा जोड दिँदै थ्रिजी सेवा क्रमशः बन्द गर्न लागेको हो ।
यसै क्रममा, हाल थ्रिजी सिम प्रयोग गरिरहेका ग्राहकहरूको सिममा फोरजी सेवा सपोर्ट नहुने भएकाले नेपाल टेलिकमले त्यस्ता ग्राहकहरूलाई नजिकैको टेलिकम काउन्टरमा गई निःशुल्क रूपमा फोरजी सिम साट्न आग्रह गरेको छ । टेलिकमका अनुसार, फोरजी सिम प्रयोग गर्दा ग्राहकहरूले अझ छिटो र भरपर्दो इन्टरनेट सेवा प्राप्त गर्नुका साथै गुणस्तरीय भ्वाइस कलको सुविधा पनि लिन सक्नेछन् । त्यसैले समयमै सिम परिवर्तन गरी नयाँ प्रविधिको लाभ लिन नेपाल टेलिकमले सबै सेवाग्राहीलाई अनुरोध गरेको छ ।
नेपाल टेलिकमले दिएको जानकारी अनुसार, यो प्रक्रिया सरल र निःशुल्क रहेको छ, जसका लागि ग्राहकहरूले आफ्नो नागरिकता वा आवश्यक परिचयपत्र साथमा लिएर नजिकको सेवा केन्द्रमा जानुपर्नेछ । यस परिवर्तनले देशभर डिजिटल सेवाको गुणस्तर सुधार हुने अपेक्षा गरिएको छ ।
नेपाल टेलिकमले सबै ग्राहकहरूलाई सहयोगका लागि धन्यवाद दिँदै सेवा सुधारप्रति प्रतिबद्ध रहेको जनाएको छ ।

# सात महिनामा छ खर्बको आयात

**मधेशदृष्टि**
**वीरगंज।**
चालु आर्थिक वर्षको सात महिनामा वीरगंज नाका हुँदै पाँच खर्ब ९५ अर्ब ४६ करोड रुपैयाँ मूल्य बराबरका वस्तु तथा सामान भित्रिएका छन्।
वीरगंज भन्सार कार्यालयका अनुसार गत आवको सात महिनाको तुलनामा चालु आवको सोही अवधिमा ५८ अर्ब ९१ करोड रुपैयाँ अर्थात् ११ प्रतिशत बढी सामान भित्रिएको छ । गत आवको सात महिनामा भने पाँच अर्ब ३६ करोड ५५ करोड रुपैयाँ मूल्य पर्ने वस्तु तथा सामान यो नाका हुँदै भित्रिएको थियो । वीरगंज भन्सार कार्यालयका सूचना अधिकृत उदयसिंह बिष्टले यो नाका हुँदै आयात हुनेमा पेट्रोलियम पदार्थ र फलाम तथा फलामबाट बनेका सरसमानको हिस्सा उल्लेखनीय रहेको बताए। वीरगंज हुँदै चालु आवको सात महिनामा एक खर्ब २३ अर्ब ६७ करोड रुपैयाँ मूल्य पर्ने पाँच थरिका पेट्रोलियम पदार्थको आयात भएको छ भने सोही अवधिमा ५२ अर्ब ७५ करोड रुपैयाँ मूल्य पर्ने फलाम तथा फलामबाट बनेका सामानहरुको आयात भएको छ। साथै ४२ अर्ब ४८ करोड रुपैयाँ मूल्य पर्ने मेसिनरी पार्टपुर्जा, ४१ अर्ब २० करोड रुपैयाँ मूल्य पर्ने भटमासको कच्चा तेल, ३० अर्ब ९१ करोड रुपैयाँ मूल्य पर्ने इलेक्ट्रिक मेसिनरी, उपकरण र पार्टपुर्जा, २८ अर्ब ५९ करोड रुपैयाँ मूल्य पर्ने मलखाद र २३ अर्ब ७१ करोड रुपैयाँ मूल्य पर्ने कपडाहरु आयात भएका छन्।

## सम्पादकीय

# बालेन युगको उदय र चुनौतीको कडी

अन्ततः नेपाली राजनीतिको क्षितिजमा एउटा नयाँ युगको सूत्रपात भएको छ। ३६ वर्षीय युवा इन्जिनियर बालेन्द्र साह (बालेन) मुलुकको कार्यकारी प्रमुखका रूपमा सिंहदरबार प्रवेश गर्नु केवल एउटा व्यक्तिको उदय मात्र होइन, यो दशकौँदेखिको परम्परागत राजनीतिक सिन्डिकेटविरुद्ध नेपाली युवाहरूको 'ब्यालेट क्रान्ति' को परिणाम हो। उनको छरितो र समावेशी मन्त्रिमण्डलले पहिलो गाँसमै सकारात्मक सन्देश दिएको छ–अब सरकार भागबण्डाको अखडा होइन, विज्ञता र कार्यक्षमताको केन्द्र बन्नेछ। सडकको आक्रोशलाई सदनको विश्वासमा बदल्न सफल यो सरकारसामु जनआकांक्षाको पहाड छ, जसलाई छिचोल्न पुरानो ढर्राको राजनीति त्यागेर नवीन सोचका साथ अघि बढ्नुपर्ने अनिवार्य सर्त देखिन्छ।

नयाँ सरकारका लागि सबैभन्दा ठूलो र तत्कालिन चुनौती भनेको धरमराउँदो आर्थिक चक्रलाई लयमा फर्काउनु हो। विशेषगरी मध्यपूर्वमा बढ्दो भू–राजनीतिक तनावले नेपालको अर्थतन्त्रको मेरुदण्ड मानिएको रेमिट्यान्स (विप्रेषण) प्रवाहमा गम्भीर संकट निम्त्याउने जोखिम बढेको छ। ४० प्रतिशतभन्दा बढी रेमिट्यान्सको स्रोत रहेको खाडी क्षेत्रको अस्थिरताले विदेशी मुद्रा सञ्चिति र उपभोगमा आधारित हाम्रो बजारलाई प्रत्यक्ष असर पार्ने निश्चित छ। बालेन सरकारले अब 'रेमिट्यान्स इकोनोमी' बाट माथि उठेर आन्तरिक उत्पादन र रोजगारी सिर्जनामा क्रान्तिकारी कदम चाल्नुपर्नेछ। वैदेशिक रोजगारीमा रहेका लाखौँ युवाको सुरक्षा र उनीहरूको सीपलाई स्वदेशमै उपयोग गर्ने ठोस योजना नै यो सरकारको आर्थिक सफलताको कडी हुनेछ।

नेपाली समाजको गहिरो धार्मिक र सांस्कृतिक जगलाई आत्मसात् गर्नु यो सरकारको अर्को महत्वपूर्ण पक्ष हो। हिन्दु र बौद्ध दर्शनको संगम रहेको यो भूमिमा पूजापाठ र आध्यात्मिक सन्देशले केवल धार्मिक अनुष्ठान मात्र होइन, राष्ट्रिय एकता र शान्तिको मार्ग पनि प्रशस्त गर्दछ। बालेनले आफ्नो कार्यकालमा यी दुई महान् दर्शनको मर्मलाई बुझेर सामाजिक सद्भाव कायम राख्दै सांस्कृतिक पर्यटनलाई आर्थिक समृद्धिको आधार बनाउनुपर्ने देखिन्छ। धर्म र संस्कृतिको नाममा हुने ध्रुवीकरणलाई रोकेर यसलाई विकास र पहिचानको ऊर्जामा बदल्न सक्नु नै यो सरकारको समावेशी चरित्रको वास्तविक परीक्षा हुनेछ।

युवाहरूको आन्दोलनको उभारबाट बनेको सरकार हुनुका नाताले यससँग नेपालीहरूको अपेक्षा असीमित छ। वर्षौंदेखि भ्रष्टाचार, ढिलासुस्ती र कुशासनले थलिएका नागरिकहरू अब 'सिस्टम' मा परिवर्तन चाहन्छन्। शिक्षा, स्वास्थ्य र सरकारी सेवामा सहज पहुँच पुर्‍याउनु र कानूनी राज्यको अनुभूति दिलाउनु बालेन सरकारको प्रमुख दायित्व हो। सडकमा देखिने बालेनको 'बोल्ड' शैली अब सरकारी संयन्त्रभित्रको बेथिति सुधार्न केन्द्रित हुनुपर्छ। जनताले केवल अनुहार फेरिएको हेर्न चाहेका होइनन्, उनीहरूले आफ्नो दैनिक जीवनमा राज्यको उपस्थितिको महसुस गर्न चाहेका छन्।

निष्कर्षमा, बालेन सरकारका सामु चुनौतीका पहाड जति ठूला छन्, अवसरका ढोकाहरू पनि उत्तिकै खुला छन्। युवा जोस, प्राविधिक ज्ञान र जनसमर्थनको त्रिवेणीले यो सरकारलाई इतिहासमै दुर्लभ अवसर प्रदान गरेको छ। मध्यपूर्वको तनाव र आन्तरिक आर्थिक मन्दीलाई अवसरमा बदल्दै आत्मनिर्भर अर्थतन्त्रको जग बसाल्ने यो ऐतिहासिक समय हो। यदि यो सरकारले सडकको ऊर्जालाई राज्यको दक्षतामा बदल्न सक्यो भने, ३६ वर्षका बालेन्द्र साहको प्रधानमन्त्रीकाल नेपालको इतिहासमा 'स्वर्ण युग' को प्रस्थानविन्दु बन्ने निश्चित छ। अन्यथा, इतिहासले अर्को एउटा असफल प्रयोगको रूपमा मात्र यसलाई सम्झनेछ।

# परम्परा तोड्दै 'कोर्ट म्यारिज'प्रति आकर्षण बढ्दो

नारायण न्यौपाने/रासस

चैत ११ गतेका दिन कालो जिन्सको ज्याकेट र पेन्टमा जिल्ला अदालत काठमाडौँ परिसरमा भेटिनुभएका बाजुरा त्रिवेणी नगरपालिका–७ का लोकेसकुमार अयडी निकै हतारमा देखिनुहुन्थ्यो। उहाँसँगै सोही जिल्लाकै गौमूल–४ की पुनम कुँवर हरियो कुर्ता सुरुवालमा अघिपछि गर्दै हुनुहुन्थ्यो। उहाँहरु अदालतमा अन्य कुनै प्रशासनिक झमेला र न्यायका लागि आउनुभएको भने थिएन।

उहाँहरु त्यहाँ अदालती विवाह अर्थात् दर्ता विवाहका लागि आउनुभएको थियो। आवश्यक प्रक्रिया पूरा गरिसकेपछि दुलहा अयडी र दुलही कुँवरले सोही दिन नै विवाह दर्ताको प्रमाणपत्र प्राप्त गर्नुभयो। वैदेशिक रोजगारीका सिलसिलामा जापानमा रहनुभएका अयडी छोटो बिदामा नेपाल आएर घरपरिवारसँगको सहमतिमा अदालती विवाह गर्नुभयो।

दुलहा अयडी भन्नुहुन्छ, 'चैत महिना छ, परम्परागत विवाह गर्न लगन, तिथि र मिति जुरेन। त्यो नभएपछि घरपरिवारको अनुमतिमा अदालती विवाह गर्ने निधो गरेँ। घर पुग्न सम्भव भएन, कम खर्चिलो, छोटो समयमा हुने भएकाले यो बाटो रोजेको हुँ।' त्यसो त धेरैले विवाह भन्ने बित्तिकै गर–गहनासहित चिटिक्कै वेशभूषामा सजिएका दुलहादुलही परम्पराअनुसारको सजावट सम्झिनु स्वाभाविक हो।

पछिल्लो समय बढ्दो दर्ता विवाहले त्यस्ता परम्परागत भाष्य चिर्न थालेको छ। अयडी र कुवँरको जोडी मात्र होइन, यही चैत १० गते तनहुँको भानु नगरपालिका–१२ का कसम पन्त र धादिङ त्रिपुरासुन्दरी गाउँपालिका–१ की भावना गिरीले पनि सोही अदालतबाट दर्ता विवाह गर्नुभयो। पन्त र गिरीको जोडी सामान्य पोसाकमा विद्यार्थीझैँ पछाडि ब्याग भिरेर भर्खरै प्राप्त गरेको दर्ता विवाहको प्रमाण लिई 'साइन बोर्ड'मा अदालत लेखिएको अक्षर कैद हुनेगरी तस्बिर खिचाई रहनुभएको थियो।

दुलहा पन्तले भन्नुभयो, 'स्वअध्ययनबाट 'कोट म्यारिज' भरपर्दा, विश्वासिलो हुन्छ भन्ने थाहा पाएर यहाँ आएको हुँ, यो आफैँ पनि कानूनी विवाह हो। केटाकेटी र घरपरिवार राजी भएमा छोटो समयमा पूरा हुने, कम खर्चिलो, सजिलो र परिवारलाई आर्थिक भार व्यहोर्न नपर्ने विवाह हो।'

पछिल्लो समय बढ्दको सहरीकरण, वैदेशिक रोजगारी, व्यस्तता तथा भड्किलो बनिरहेको सामाजिक परम्पराले दर्ता विवाह (कोर्ट म्यारिज) प्रति आम नागरिकको चासो र आकर्षण बढेको देखिन्छ। अदालती विवाहले बाल–विवाह, बहु–विवाह, झूटो–विवाहलाई निरुत्साहित गर्ने र समयको बचत गरी दाइजो प्रथाजस्ता सामाजिक कुप्रथालाई पनि न्यूनीकरण गर्ने हुँदा यसप्रति समाज सकारात्मक बन्दै गएको हो।

काठमाडौँ जिल्ला अदालतमा सबैभन्दा धेरै गत फागुनमा एकै दिन २७ जोडीले दर्ता विवाह गरेको तथ्याङ्क छ। अदालतका सूचना अधिकृत दीपककुमार श्रेष्ठका अनुसार लगन भएको दिन अधिकतम २७ र अघिपछि सरदर दैनिक १० वटासम्म दर्ता विवाह हुने गरेका छन्।

चालु आर्थिक वर्षको नौ महिनामा (चैत ११ गतेसम्म) त्यस अदालतबाट एक हजार ७५५ वटा दर्ता विवाह भएको उहाँले जानकारी दिनुभयो। अघिल्लो आर्थिक वर्षमा दर्ता विवाहका लागि दुई हजार ८४३ निवेदन परेका थिए। तर, कुल दर्ता विवाहको अभिलेख भने जेन्जी आन्दोलनमा जलेको जिल्ला अदालतले जनाएको छ।

नेपाली परम्पराअनुसार लगनका आधारमा विवाहका लागि उपयुक्त महिना तोकिएका हुन्छन्। तर, त्यस्ता परम्परागत विवाहका महिना नमानिने साउनमा १९४, कात्तिकमा १५९, पुसमा २२६ र चैतको ९ गतेसम्म ६७ वटा दर्ता विवाह भएको काठमाडौँ जिल्ला अदालतको अभिलेखमा उल्लेख छ।

**दर्ता विवाहमा कानूनको प्रोत्साहन**

समाजशास्त्री टीकाराम गौतम दर्ता विवाह आधुनिक समाजको विशेषता र समाज परिवर्तनको सङ्केतका रुपमा रहेको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, 'समाजमा हुने सबै संस्कृतिलाई सामाजिक संरचना र मानिसका आवश्यकतासँग जोडेर व्याख्या गरिन्छ। अहिले नेपाली समाजको धार्मिक, राजनीतिक, सांस्कृतिकलगायत सामाजिक संरचना हिजोभन्दा धेरै परिवर्तन भएको छ। त्यो अभ्यास बदलिने क्रममा दर्ता विवाहको सङ्ख्या पनि बढेको हो।'

कानून र आफन्तलाई साक्षी राखी तोकिएको योग्यता पूरा गरी हुने अदालती विवाहलाई राज्यले सधैँ प्रोत्साहन गर्दै आएको छ। विवाहका लागि लगन रहेको गत फागुनमा काठमाडौँ अदालतबाट २५९ युवायवतीले दर्ता विवाह गरेका थिए। त्यस महिनामा नेपाली र विदेशी नागरिकबीच ७८ जोडीको दर्ता विवाह भएको छ।

दर्ता विवाह गर्ने जोडीहरु अधिकांश अध्ययन, व्यापार, रोजगारीका सिलसिलामा विभिन्न पेसा व्यवसायमा काठमाडौँमा रहेका र विवाह दर्ताका लागि आफ्नो स्थायी ठेगानामा जान अनुकूल नहुनेहरु हुने गरेका छन्। वरिष्ठ अधिवक्ता सुनिता रेग्मी पोखरेल दर्ता विवाह पहिले प्रमुख जिल्ला अधिकारीको कार्यालयबाट हुने गरेकामा हाल जिल्ला अदालतमा बताउनुहुन्छ।

'वैदेशिक रोजगारीमा युवा विदेश जाने क्रम बढेसँगै यो संख्या पनि बढेको पाइन्छ। केटा होस् वा केटी विदेशबाट नेपाल आई दर्ता विवाह गर्दा दुवैका लागि आधिकारिक र प्रमाणित काजगात बन्ने हुनाले पनि यसको महत्व बढेको हो,' उहाँ भन्नुहुन्छ, 'ऐनले पनि विवाहलाई सार्वजनिक गर्न भनेको छ। कन्यादान, गोडाधुने, छोरी जिम्मा लगाउनेलगायतका परम्परागत विवाह प्रक्रियामै दोष छ भन्ने युवाको बुझाइले गर्दा यस्ता विवाहमा प्रोत्साहन मिलेको हो।' विवाह दर्ता र दर्ता विवाह फरक विषय हुन्। पञ्जिकाधिकारी कार्यालयमा गरिने कार्य विवाह दर्ता हो भने दर्ता विवाह अदालतमा गरिने विषयमा प्रस्ट हुनपर्ने वरिष्ठ अधिवक्ता रेग्मी बताउनुहुन्छ।

**पाँच सय रुपैयाँमा विवाह**

दर्ता विवाहका लागि दुबै पक्षको साक्षीको नागरिकताको प्रमाणित नक्कल प्रतिलिपिसहित केटाकेटीले कानूनबमोजिम आफूहरु विवाहका लागि योग्य छौँ भनी तस्बिर टाँसेर निवेदन दिनुपर्ने हुन्छ। अदालतले दर्ता विवाह गरेबापत ५०० रुपैयाँ शुल्क लिने गरेको छ। काठमाडौँ जिल्ला अदालतमा विवाहका लागि आइपुग्नुभएका कैलाली लम्कीका विनोद विष्ट रोजगारीका लागि सर्बिया जान लागेकाले छोटो समयको सदुपयोग गर्दै दर्ता विवाह गरेको बताउनुभयो।

उहाँले भन्नुभयो, 'आधिकारिक निकायमा आएर कानूनी विवाह गर्ने मौका जु¥यो, यो कम खर्चिलो मात्र नभई बाहिर जान आवश्यक काजगात बनाउन पनि सजिलो हुने रहेछ।' विवाहका लागि अदालती प्रक्रिया पुरा गरी यही चैत १० गते उहाँ कैलालीकै रश्मी बडुवालसँग वैवाहिक बन्धनमा बाँधिनुभएको छ।

कानूनमा अदालती दर्ता विवाहका लागि सात दिनको समय निर्धारण गरेतापनि सबै कागजात पु¥याएको खण्डमा एकै दिन विवाह दर्ता प्रमाणपत्र दिँदै आएको अदालतका सूचना अधिकारी श्रेष्ठले बताउनुभयो।

काठमाडौँमा मुलुकका ७७ जिल्लाका नागरिक बसोबास गर्ने तथा कतिपय अवस्थामा हतारमा विवाह गरेर विदेश जानुपर्ने अवस्थालाई दृष्टिगत गरी दुई घण्टाभित्रै पनि प्रमाणपत्र दिन सकिने व्यवस्था गरिएको उहाँले स्पष्ट पार्नुभयो। 'यो अदालतले सेवाग्राहीलाई उपलब्ध गराएको 'फास्ट ट्र्याक सेवा' हो,' उहाँले भन्नुभयो।

अदालती विवाहले नेपाली समाजमा विगतमा देखिँदै आएको जातीय विभेद न्यूनीकरण गर्नसमेत सहयोग पु¥याएको दलित अधिकारकर्मीको बुझाइ छ। अदालती विवाहमा आउने कतिपय दुलहा र दुलही सिङ्गारिएर परिवारका साथमा आउने र साइत सम्बोधन हुनेगरी प्रमाणपत्र लिने गरेका उदाहरण पनि छन्।

नेपाली–नेपालीबीचमा विवाह गराउनका लागि दुबै जना अविवाहित भएको केटा र केटीको स्थायी बसोबासको सम्बन्धित वडा कार्यालयको सिफारिस आवश्यक पर्छ भने विदेशीको हकमा कम्तीमा १५ दिन नेपालमा बसोबास गरेको कागजात हुनुपर्छ। साथै, यहाँस्थित सम्बन्धित देशको दूतावासबाट 'नो अब्जेक्सन लेटर' तथा विवाहयोग्य भएको प्रमाणित सिफारिस आवश्यक पर्छ।

विदेशीका हकमा जुन देशको नागरिक हुनुहुन्छ, त्यस देशले विवाहका लागि न्यूनतम उमेर तोकिदिएको हुन्छ, त्यो जुनसुकै भाषामा भए पनि नेपाली भाषामा अनुवाद गरी पेस गरेको हुनुपर्छ। नेपालमा सम्बन्धित देशको दूतावास नभएको खण्डमा भारतमा रहेको दूतावासको सिफारिस पनि ग्रहण गर्ने अभ्यास रहेको छ।

**लगन हेरर अदालतमा पूर्वतयारी**

पछिल्लो समय दर्ता विवाहका लागि पनि कतिपय जोडीले ज्योतिषसँग साइत हेराएर आउने गरेको पाइएको छ। अदालतले पनि भोलिपल्ट विवाहका लागि लगन रहेछ भने सोही अनुरुपमा पूर्वतयारी र जनशक्ति व्यवस्थापन गर्दै आएको छ। अदालत परिसरमा दैनिकजसो अधिकांश जोडीबीच फूलमाला र औँठी साटासाट तथा सिन्दूरपोते पहिरिएर उत्सव मनाइने गरेको दृश्य देखिने गरेको छ।

पछिल्लो समय काम विशेष र व्यस्तताले पनि अदालती विवाहप्रति चासो बढेको छ। कतिपयले त अदालतमा विवाह दर्ता गरेपछि भने आफ्नो परम्परा र रीति परम्पराअनुसार विवाह गर्ने गरेकोसमेत पाइन्छ।

**हाँस्ने र रुने एकै ठाउँ हुँदा विवाह 'खल्लो'**

अदालतमा दर्ता विवाहका लागि बेग्लै भवन र परिसर नहुँदा उत्सवका रुपमा पुगेका जोडीलाई त्यसअनुकूलको वातावरण प्राप्त नहुने गरेको गुनासो छ। विभिन्न अपराधमा संलग्न व्यक्ति र विवाहका लागि पुगेका परिवारजन एकै ठाउँमा रहनुपर्ने बाध्यताले असहजता देखिएकाले विवाहका लागि छुट्टै स्थानको आवश्यकता महसुस भएको आवाज उठेको छ। वैवाहिक सम्बन्धले सामाजिक तथा पारिवारिक जीवनको सुव्यवस्थालाई समेत कानूनी मान्यता प्रदान गर्छ। मुलुकका सबै जिल्ला अदालतमा विवाह दर्ता हुँदै आए पनि तुलनात्मक रुपमा ललितपुर, भक्तपुर, कास्की, रुपन्देही, सुनसरी, पर्सा, चितवन, मकवानपुरलगायतका जिल्लामा अदालती विवाह धेरै हुने गरेको छ। अदालतले कानून र आफन्तलाई साक्षी राखी गरिने विवाहलाई सधैँ प्रोत्साहन गर्दै आएको छ।

# गृहमन्त्रीको १९१ दिनः सफलतापूर्वक निर्वाचन, सुशासन र नीतिगत सुधार

सिबी अधिकारी/रासस




जेन्जी आन्दोलनपछि देश अन्योल, त्रास र अस्थिरताको अवस्थामा पुगेको थियो। मुलुकलाई जोगाएर शान्ति सुव्यवस्था कायम गरी प्रतिनिधिसभा सदस्य निर्वाचन गर्नुपर्ने मुख्य जिम्मेवारी थियो। त्यही कठिन समयमा गृह मन्त्रालयको जिम्मेवारी सम्हाल्नुभएका गृहमन्त्री ओमप्रकाश अर्यालले शान्ति, सुरक्षा कायम गर्दै, सुशासनको आधार निर्माण गर्दै र अन्ततः प्रतिनिधिसभा सदस्य निर्वाचन सफलतापूर्वक सम्पन्न गराउँदै आफ्नो १९१ दिने कार्यकाल पूरा गर्नुभएको छ।

भदौ २३ र २४ पछिको अवस्था अत्यन्त जटिल थियो। देशमा कानूनी राज्यको अनुभूति नै हराएको थियो। राज्य संयन्त्रहरू निस्क्रिय, नागरिक त्रासमा र वातावरण शत्रूतापूर्ण थियो। त्यस्तो अवस्थामा पहिलो आवश्यकता थियो–अवस्थालाई सामान्य बनाउने। मन्त्रालयको जिम्मेबारीबाट बिदा लिँदै गर्दा गृहमन्त्री अर्यालले भन्नुभयो, 'हामीले 'अवस्थालाई सामान्यीकरण' गर्यौँ। त्यसपछि कानूनी राज्य पुनःस्थापना गर्यौँ। हामीले स्पष्ट रूपमा बुझ्यौँ–सुशासनको अभावकै कारण विद्रोह भएको हो। त्यसैले सुशासन सुधार, सेवा प्रवाहलाई छिटो, पारदर्शी र प्रभावकारी बनाउने कामलाई प्राथमिकतामा राख्यौँ।'

जेन्जी पुस्ताले मागेका सुशासन, पारदर्शी राज्य प्रणाली र भ्रष्टाचार अनुसन्धानमा सरकारले नागरिकमा विश्वास र आशा जगाउने प्रयास गरेको छ। जेन्जी आन्दोलनपछि गठन भएको सरकारको एउटामात्रै जिम्मेवारी थियो, आवधिक निर्वाचन। जेन्जी आन्दोलनका क्रममा कारागारबाट कैदी भागेका थिए, हातहतियारहरू पनि लुटिएका थिए। राजनीतिक दलप्रति आममानिसमा विश्वास गुमेको अवस्था थियो। सुरक्षा मुख्य चुनौती थियो। आम मानिसमा पनि समयमै निर्वाचन हुन्छ वा हुँदैन भन्ने संशय थियो।

अन्ततः समयमै शान्तिपूर्ण रूपमा निर्वाचन भयो। एउटा महत्त्वपूर्ण जिम्मेवारी पूरा भयो। नागरिक सरकारले प्रमुख अभिभारा पूरा गरेको छ।

नागरिक सरकारका गृहमन्त्री अर्यालले आफ्नो १९१ दिने कार्यकाल सफलतापूर्वक पूरा गरी बिहीबार गृह मन्त्रालयबाट बिदाइ हुनुभएको छ। नवनिर्वाचित सांसदहरूले बिहीबार पद तथा गोपनीयताको शपथ लिएसँगै शुक्रबार नयाँ सरकार गठन हुने तयारीका बीच उहाँले पदबाट बिदा लिनुभएको हो।

मन्त्री अर्यालको बुझाइमा आजको अवस्थामा कानूनी राज्य स्थापित भएको छ, सुशासनतर्फ सुधार देखिएको छ र सेवा प्रवाहमा पनि नागरिकले परिवर्तन महसुस गरेका छन्। यी तीनै क्षेत्रमा पहिलेको तुलनामा उल्लेखनीय सुधार भएको छ भन्ने विश्वास छ।

मन्त्री अर्यालले जेन्जी जनआन्दोलनपछिको असामान्य र चुनौतीपूर्ण अवस्थामा जिम्मेवारी सम्हालेको स्मरण गर्दै आफ्नो कार्यकालमा शान्ति, सुरक्षाको सामान्यीकरण, सुशासनको सुदृढीकरण र स्वच्छ, निष्पक्ष एवं भयरहित वातावरणमा ऐतिहासिक निर्वाचन सम्पन्न गर्नु नै मुख्य उपलब्धि रहेको बताउनुभयो।

'निर्वाचन हुने वा नहुने भन्ने आशङ्काबीच हामीले प्रशासनिक समन्वय र सुरक्षा तयारीमार्फत निर्धारित समयमै रक्तपातविहीन निर्वाचन सम्पन्न गर्यौँ,' मन्त्री अर्यालले भन्नुभयो, 'यसबाट संविधान सही बाटोमा आएको छ र यसको सम्पूर्ण श्रेय आमनागरिक, सुरक्षाकर्मी र कर्मचारीको सामूहिक प्रयासलाई जान्छ।'

जेन्जी आन्दोलनमा सहभागी भएर ज्यान गुमाएका ४५ जनालाई शहीद घोषणा गरिएको छ। उहाँहरूको सम्मानका लागि संसद् भवन, शहीद पार्क र जावलाखेलस्थित जेन्जी स्मारकमा नाम र सालिक स्थापना गर्ने योजना अघि बढाइएको मन्त्री अर्यालले जानकारी दिनुभयो। उहाँका अनुसार शहीद परिवारलाई राहत, घाइतेलाई परिचयपत्र र मासिक भत्ता दिने व्यवस्था गरिएको छ। यसका लागि गृह मन्त्रालयअन्तर्गत स्पष्ट निर्देशिका तयार गरिएको छ, जुन कानूनी आधारसहित लागू हुने व्यवस्था हो।

साथै, जेन्जी परिषद् गठनको प्रक्रिया सुरु भइसकेको छ। यो परिषद्ले तत्कालीन र दीर्घकालीन रूपमा जेन्जी आन्दोलनका उपलब्धिहरूलाई संस्थागत गर्दै अघि बढ्नेछ। चार सय ६५ भन्दा बढी सुरक्षा युनिट, प्रहरी चौकी र प्रशासनिक संरचना पुनर्निर्माण गर्नु आफैँमा चुनौतीपूर्ण थियो। तर संरचनामात्र बनाएर हुँदैन– मनोबल पनि उस्तै महत्त्वपूर्ण हुन्छ।

गृहमन्त्री अर्यालले भन्नुभयो, 'हामीले नेतृत्व शैली परिवर्तन गर्यौँ। आदेश दिनेभन्दा पनि समन्वय गर्ने, अवसर दिने र क्षमताअनुसार जिम्मेवारी दिने वातावरण बनायौँ। सामूहिक नेतृत्वको अभ्यास गरियो, जसले सुरक्षाकर्मीहरूमा स्वामित्वको भावना विकास गर्यो। आजको अवस्थामा सुरक्षाकर्मी र नागरिकबीचको सम्बन्ध सुधारिएको छ र मनोबल पनि उल्लेखनीय रूपमा बढेको छ। सफल निर्वाचन त्यसको प्रत्यक्ष प्रमाण हो।'

राष्ट्रिय अनुसन्धान विभागलाई गृह मन्त्रालयमातहत ल्याइनुका साथै नागरिकता नियमावली जारी गरेर करिब तीन हजार नागरिकलाई आफ्नो अधिकार प्रयोग गर्ने अवसर दिलाइएको र यो नागरिक अधिकारको दृष्टिले महत्त्वपूर्ण उपलब्धि भएको मन्त्री अर्यालको भनाइ छ।

निर्वाचनका लागि जिल्लागत र प्रदेशगत रणनीति बनाएर विशेषगरी प्रदेश कमाण्ड पोस्टलाई सक्रिय बनाइएको थियो। यसले केन्द्र, प्रदेश र जिल्लाबीच समन्वयलाई मजबुत बनायो। साथै, कानून उल्लङ्घन गर्ने जोकोहीलाई कडा कारबाही हुन्छ भन्ने स्पष्ट सन्देश देशभर फैलियो। यसले दण्डहीनताको अन्त्य गर्न मद्दत गर्यो।

'पैसठ्ठी लाखभन्दा बढी एसएमएसमार्फत अर्ली वार्निङ प्रणाली प्रयोग गरियो, जसले जोखिम न्यूनीकरणमा ठूलो भूमिका खेलेको छ। विज्ञान र प्रविधिको प्रयोगले अब धेरै कुरा पूर्वानुमान गर्न सम्भव भएको छ। यसले गृह प्रशासनलाई परम्परागत शैलीबाट प्रविधिमैत्री र आधुनिक प्रणालीतर्फ लैजाने काम गरेको छ,' उहाँले भन्नुभयो।

मन्त्रालयले एउटा महत्त्वपूर्ण संस्कार विकास गरेको छ। निष्पक्षता, समन्वय र सामूहिक नेतृत्व। कुनै पनि निर्णय पक्षपातपूर्ण नभई क्षमताका आधारमा गरिएको छ। प्रदेश र जिल्ला तहसम्म समन्वय प्रणालीलाई मजबुत बनाइएको छ। यो संरचना र संस्कारले आगामी नेतृत्वलाई अझ प्रभावकारी रूपमा काम गर्न सहज बनाउने मन्त्री अर्यालको विश्वास छ। उहाँले जेन्जी पुस्ता अहिलेको राजनीतिक परिवर्तनको मुख्य शक्ति हो भन्दै उनीहरूलाई अब मुख्य धारमा ल्याउइनुपर्नेमा जोड दिनुभयो। 'राजनीतिमात्र होइन– सामाजिक, आर्थिक सबै क्षेत्रमा उनीहरूको भूमिका सुनिश्चित गर्नुपर्छ,' मन्त्री अर्यालले अगाडि थप्नुभयो, 'अब सरकार र नागरिकबीचको सम्बन्ध पनि बदलिनुपर्छ। सरकार शासक होइन– सहजकर्ता हो। नागरिक र राज्यबीच सहकार्य आवश्यक छ। जेन्जी पुस्ता, नागरिक र सरकार एकअर्काका पूरक बनेर अघि बढेमात्रै देशले छिटो समृद्धि हासिल गर्न सक्छ।'

मन्त्री अर्याल २०८२ भदौ ३० गते गृहमन्त्री नियुक्त हुनुभएको थियो। उहाँले १९१ दिने कार्यकालमा विपद् व्यवस्थापन, मिटरब्याजपीडितको समस्या सम्बोधन र नागरिकता प्राप्तिमा सहजताजस्ता जनपक्षीय कार्य सम्पादन गर्नुभएको मन्त्रालयले जनाएको छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# सरकारमा नयाँ मन्त्रीहरु, को कस्ता छन् ?



**सुनील लम्साल**
**भौतिक पूर्वाधारमन्त्री**

**मधेशदृष्टि**
**वीरगंज ।**

***शुक्रबार गठन भएको नयाँ सरकारका मन्त्रीहरु विभिन्न हिसाबले विषयविज्ञ रहेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीले पहिलो पटक संविधानको धारा ७६ (१) अनुसार बनाएको सरकारमा केही मन्त्रीहरुको पृष्ठभूमि राससका अनुसार यस्तो छः***

रुपन्देही क्षेत्र नं १ बाट गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा निर्वाचित सुनील लम्साल पेसाले इन्जिनियर हुन् । रूपन्देहीको तिलोत्तमा नगरपालिका–७ भलबारीमा २०५२ सालदेखि सपरिवार स्थायी बसोबास गर्दै आएका लम्साल २०४७ असोज १८ गते स्याङ्जा जिल्लाको कालीगण्डकी गाउँपालिका बिर्घामा जन्मिएका हुन् ।

पहाडको सामान्य परिवारमा हुर्किएका सुनील बुवा बोधराज लम्साल र आमा जमुना लम्सालका तीन छोरामध्ये माइलो सन्तान हुन् । विद्यालय तहको अध्ययन रुपन्देहीको भलबारीमै पूरा गरेका लम्सालले उच्च शिक्षा पनि स्थानीय लुम्बिनी इन्जिनियरिङ कलेजबाट गरेका हुन् । विद्यार्थीकालमा एमाले निकट विद्यार्थी सङ्गठनबाट राजनीतिमा संलग्न रहेका लम्साल अनेरास्ववियुकोतर्फबाट सोही क्याम्पसको स्ववियु सभापतिसमेत निर्वाचित भएका थिए ।

प्राविधिक दक्षता, राष्ट्रिय गौरवका पूर्वाधार आयोजनामा काम गरेको अनुभव, सहरी विकास र वातावरण व्यवस्थापनसम्बन्धी अध्ययन–अनुसन्धानमा उनको विशेष दख्खल छ । प्राविधिक अध्ययन, राष्ट्रिय परियोजनामा काम गरेको अनुभव, सहरी विकास र वातावरण व्यवस्थापनमा पनि उनको विशेष अनुभव छ ।

**शैक्षिक यात्रा र प्राविधिक क्षमता**

मन्त्री लम्सालले सिभिल इन्जिनियरिङ विषयमा स्नातक र संरचनात्मक इन्जिनियरिङमा स्नातकोत्तर गरेका छन् । उनी काठमाडौँ विश्वविद्यालयमा 'ठोस फोहर व्यवस्थापन' विषयमा विद्यावारिधि गर्दै छन् । विकासको स्पष्ट परिणामका लागि मुख्यतया योजना बनाउँदा लागत, समयरेखा, गुणस्तर मापदण्ड र अनुगमन प्रणाली स्पष्ट हुनुपर्ने उनी ठान्छन् ।

विसं २०७९ को स्थानीय निर्वाचनपछि मन्त्री लम्सालले काठमाडौँ महानगरपालिकामा प्रमुख बालेन्द्र शाहको पूर्वाधार सल्लाहकारका रूपमा काम गरेका थिए । फोहर व्यवस्थापनलाई केबल सरसफाइको विषय होइन, वातावरणीय सन्तुलन, जनस्वास्थ्य र मानवअधिकारसँग जोडिएको संरचनागत विषयका रूपमा उनले व्याख्या गर्दै आएका छन् । वैज्ञानिक, दीर्घकालीन र समुदायमैत्री समाधानबिना समस्या दोहोरिरहने उनको धारणा छ ।

**नयाँ राजनीतिक दृष्टिकोण र अभियान**

राष्ट्रिय स्वतन्त्र पार्टीको केन्द्रीय नेतृत्वमा महामन्त्रीको जिम्मेवारी सम्हाल्दै आएका मन्त्री लम्साल सङ्गठन व्यवस्थापन, अभियान सञ्चालन र नीतिगत एजेन्डा अघि बढाउने भूमिकामा सक्रिय छन् ।

सुशासन, गुणस्तरीय पूर्वाधार र युवा सशक्तीकरणलाई विशेष जोड दिँदै पारदर्शी सार्वजनिक सेवा प्रणाली विकास गर्नुपर्ने उनी धारणा राख्छन् । प्रशासनिक प्रक्रियालाई प्रविधिमैत्री बनाउँदै सेवाग्राहीलाई सहज, छिटो र विश्वसनीय सेवा उपलब्ध गराउने मन्त्री लम्सालको प्रतिबद्धता छ । पूर्वाधार विकासका सन्दर्भमा उनी 'मौसमी सडक' को अवधारणाबाट बाहिर निस्कनुपर्ने र गुणस्तर मापदण्ड कडाइका साथ लागू नगर्दासम्म विकास दिगो नहुने उनको तर्क छ ।



**सीता वादी**
**बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) की सांसद सीता वादी महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नियुक्त भएकी छन् । वादी समुदायबाट मन्त्री बनेको उनी पहिलो हुन् ।

महिला सशक्तिकरणमा सामाजिक संस्थामार्फत सेवा गर्दै आएकी नवनियुक्त वादीले हालै रासससँगको कुराकानीम उनले वादी समुदायका महिलाको स्थिति झनै नाजुक रहेको बताइन् । संस्थामार्फत सिलाइकटाइ प्रशिक्षण दिएर महिलालाई आर्थिक स्वावलम्बी बनाउने काम गर्दै आएको उनले जानकारी दिइन् ।

कर्णाली प्रदेशको सुर्खेतस्थित वीरेन्द्रनगर नगरपालिका–१४ स्थायी घर भई हाल काठमाडौँको बूढानीलकण्ठ–८ मा बसोबास गर्दै आएकी वादीले राजनीतिक यात्रामा रास्वपाबाट सुरु गरेकी हुन् । 'महिलाहरुको स्थिति नाजुक छ, त्यसमा पनि दलित र वादी समुदायको त झनै पीडादायी छ,' उनले भने, 'स्थिति सुधार गर्ने खालको परिणाममुखी काम गर्छु ।'

सीताका अनुसार राजनीतिको यात्रा सजिलो छैन । तर, यो अवसरलाई उनले भरपुर सकारात्मक कार्यमा लगानी गर्ने बताइन् । समाजमा विद्यमान असमानता, विभेद र अपमानको जालो हटाएर समानतापूर्ण समाज निर्माण गर्नुपर्ने उनको धारणा छ । आधा आकाश ढाक्ने महिलाको परिस्थितिलाई अझै बलियो बनाउने र सीमान्तकृत समुदायका महिलाको विकासमा जोड दिने उनको योजना छ । वादी समुदाय, दलितभित्र पनि अत्यन्तै सीमान्तकृत, जहाँ गरिबी मात्रै होइन, नियति जस्तो बनाइयो, जहाँ अपमान सामान्य व्यवहारजस्तै स्वीकार गर्न बाध्य बनाइयो ।

यसअघि वादी समुदायबाट सुदूरपश्चिम प्रदेशसभा सदस्यमा नेपाली कांग्रेसबाट उमादेवी वादी निर्वाचित भएका थिए । 'वादी समुदायका खान र बस्नसमेत नपाएको अवस्था छ । वादी समुदायका छोरीहरुको अवस्था अन्धकारमय छ,' उनले भनिन् । आफ्नो बाल्यकाल आर्थिक अभाव र सामाजिक अपहेलनाले भरिएको बताउँदै उनले पढ्नका लागि कलम–कापी नपाउँदाको पीडा सम्झिइन् । उनले गरिबीकै कारण खान र बस्नसमेत चुनौती खेपेर बाल्यकाल हुर्किएको सुनाइन् । यद्यपि वादीले जीवनमा भोगेका थुप्रै सङ्घर्षले आफ्नो जीवनलाई थप बलियो र परिपक्क बनाएको बताइन् । अभावका बीच पनि पढ्ने रहर उनले कहिल्यै मारिनन् । र, एउटा संस्थाले उनलाई शिक्षामा सहयोग गर्‍यो । समाजसेवा (बिएसडब्लु) अध्ययन पूरा गरेकी वादीले शिक्षा नै चेतनाको मुख्य आधार रहेको बताइन् । पढ्न पाएपछि उनले जीवनलाई फरक ढङ्गले अगाडि बढाउन सक्ने भइन् । 'समाजमा आत्मसम्मानको लडाइँ निकै ठूलो हँदोरहेछ,' उनले भनिन्, 'जुन अहिलेसम्म लडिरहेछु ।'



**सोविता गौतम**
**कानूनमन्त्री**

नवनियुक्त कानून, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतम चितवन क्षेत्र नं ३ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य समकालीन नेपाली राजनीतिमा उदाउँदो युवा नेतृत्वका रूपमा चिनिन्छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट प्रतिनिधित्व गर्नुहुने गौतम युवाको आवाजलाई नीतिगत तहसम्म पुर्‍याउने स्पष्ट सोचका साथ राजनीतिमा सक्रिय छन् ।

विसं २०५२ असार ३ गते दोलखामा जन्मिएकी गौतम हाल चितवनको भरतपुर महानगरपालिकालाई स्थायी बसोबास बनाउँदै आएकी छन् । सामान्य पारिवारिक परिवेशमा हुर्किएकी उनका बुबा कृष्णप्रसाद गौतम, आमा र एक भाई छन् ।

शिक्षातर्फ रुचि राख्ने गौतमले माध्यमिक तहको अध्ययन भक्तपुरको एक विद्यालयबाट सम्पन्न गरेकी थिइन् । त्यसपछि उनले कानून विषयमा स्नातक पूरा गरेकी छन् भने हाल काठमाडौँ स्कुल अफ ल मा एलएलएम अध्ययनरत छिन् ।

राजनीतिमा प्रवेशअघि नै कानून, मानव अधिकार तथा सार्वजनिक सरोकारका विषयमा सक्रिय रहेकी गौतमले विभिन्न युवा अभियान र नीतिगत बहसमा आफ्नो उपस्थिति जनाउँदै आएकी थिइन् । कानूनी समस्या र अधिकार उल्लङ्घनका विषयलाई कानूनी प्रक्रियामार्फत समाधानतर्फ लैजाने अनुभव उनीसँग छ ।

त्यस्तै, राष्ट्रिय तहमा नीतिगत बहस, जनसरोकार र सुधार एजेन्डालाई संसद्मै उठाउने अनुभव उनमा छ । कानून, न्याय तथा मानव अधिकार समितिमा पूर्वसदस्यका रुपमा उनले विधेयक, मानव अधिकार र न्यायका क्षेत्रमा प्रत्यक्ष अनुभव हासिल गरेकी छन् । नेपाल स्वास्थ्य अनुसन्धान परिषद्मा कानूनी परामर्श अनुभवका साथै नेपालका युवा संस्थाको सञ्जालमार्फत अभियान सञ्चालन, सरकारसँग पैरवी र नीति दबाबमा सक्षम नेतृत्व उनले देखाएकी छन् ।

उनले अन्तरराष्ट्रिय तहमा आफ्नो पहिचान बनाउँदै संयुक्त राष्ट्रसङ्घसँग आबद्ध कार्यक्रम तथा अन्तरसंसदीय सङ्घको स्वास्थ्य समितिमा सदस्यका रूपमा योगदान दिएकी छन् । सार्वजनिक स्वास्थ्यका सम्बन्धमा संवादमार्फत जनचेतना फैलाउने कार्यमा उनको सक्रियता उल्लेखनीय छ ।

युवाको सहभागिता, सुशासन, पारदर्शिता र नीतिगत सुधारका पक्षमा स्पष्ट धारणा राख्ने गौतमले राजनीतिलाई सेवा र परिणाममुखी कार्यसँग जोड्नुपर्नेमा जोड दिन्छिन् । निर्वाचनक्रममा उनले विकास, सुशासन र युवालाई अवसर सिर्जनाका एजेन्डा अघि सारेकी थिइन् ।

राजनीतिमा प्रवेश गर्नुअघि उनी सञ्चार क्षेत्रमा पनि परिचित थिइन् । विशेषगरी स्वास्थ्य कार्यक्रमको प्रस्तोताका रूपमा उनले तथ्यमा आधारित बहस, गलत सूचनाविरुद्ध अभियान तथा जनचेतनामूलक कार्यक्रममार्फत उनले समाजमा सकारात्मक प्रभाव पारेकी थिइन् ।

सन् २०२३ मा 'वन यङ वल्ड–पोलिटिसियन अफ द इयर अवार्डबाट सम्मानित गौतम युवापुस्ताको प्रतिनिधि स्वरका रूपमा स्थापित छिन् ।

रास्वपाकी संस्थापक केन्द्रीय सदस्यसमेत रहेकी गौतमले नीतिगत सुधार, पारदर्शिता र नागरिक–केन्द्रित शासन प्रणालीलाई प्राथमिकता दिने नयाँ पुस्ताको राजनीतिक नेतृत्वको प्रतिनिधित्व गर्छिन् ।

नीतिगत स्पष्टता, अध्ययनशीलता र सक्रियताका कारण उनलाई नेपाली राजनीतिमा सम्भावनायुक्त युवा नेताका रूपमा हेरिएको छ । समृद्ध नेपाल निर्माणमा युवाको भूमिका विस्तार गर्ने लक्ष्यसहित उन संसद्मा सक्रिय छिन् ।



**डा. विक्रम तिमिल्सिना**
**सञ्चारमन्त्री**

नवनियुक्त सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमिल्सिनाले पदभार ग्रहण गरेका छन् ।

सिंहदरबारस्थित सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा शुक्रबार उनले पदबहाली गरेका हुन् । मन्त्रालयमा पदभार ग्रहणपछि कर्मचारी र मातहतका निकायका प्रमुख तथा प्रतिनिधिलाई सम्बोधन गर्दै मन्त्री डा. तिमिल्सिनाले पद प्राप्तिभन्दा जिम्मेवारी पूरा गर्नु नै आफ्नो प्राथमिकता भएको बताए । उनले देशले निकास खोजिरहेको उल्लेख गर्दै राजनीति र प्रशासनप्रति घट्दो विश्वास पुनःस्थापित गर्न सबैलाई आह्वानसमेत गरे ।

'हामीले जिम्मेवारी लिएका छौँ, हाम्रो सबैभन्दा ठूलो धर्म राजनीति र प्रशासनप्रति घट्दो विश्वास पुनःस्थापित गर्नु हो,' डा. तिमिल्सिनाले भने, 'राजनीति नै गलत हो भन्ने सन्देश प्रवाह भइरहेको अवस्थालाई सुधार्दै देशमा आशा जगाउनुपर्छ ।'

डा. तिमिल्सिनाले प्रधानमन्त्री बालेन्द्र शाहको 'मिसन' र 'भिजन'अनुसार मन्त्रालयले पूर्ण सहयोग गर्ने उल्लेख गरे । कर्मचारीलाई पनि इमानदारिता र क्षमता प्रयोग गर्दै सामूहिक भावनाका साथ काम गर्न उनले आग्रहसमेत गरे । 'तपाईंका हरेक विचारहरू यो देशका नीतिनियम, ऐनसँग बाझिने पनि हुनुहुँदैन । यो देशका जनताको सपनासँग बाझिने पनि हुनुहुँदैन । कृपया यो कुरा मनमा राखेर आफ्ना काम कर्तव्यलाई अगाडि बढाउनु होला,' मन्त्री तिमिल्सनाले भने ।

उनले आजैका दिनदेखि आफ्नो कर्तव्यमा होमिएका र देशलाई अगाडि बढाउनका लागि समर्पित भएर लाग्ने धारणा राखे ।

मन्त्रालयका सचिव लक्ष्मीकुमारी बस्नेतले मन्त्रालयका प्रमुख कार्य र मुख्य नीति तथा योजना र कानूनबारे मन्त्रीलाई 'ब्रिफिङ' गरिन् । 'बजेट सिलिङ प्राप्त भइसकेको छ । बजेट तर्जुमा, प्राथमिकता निर्धारणलगायत काम मन्त्रीको निर्देशनमा गर्नेछौँ,' उनले भनिन् । नवनियुक्त मन्त्रीलाई मन्त्रालयका कर्मचारी र मातहतका पदाधिकारीहरुले स्वागत एवम् कार्यकालको शुभकामना व्यक्त गरेका थिए ।

**अनुसन्धान विशेषज्ञ एवम् विश्लेषक सञ्चारमन्त्री**

नवनियुक्त सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमिल्सिना राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट प्रतिनिधिसभा सदस्यमा नुवाकोट क्षेत्र नं १ बाट निर्वाचन सांसद हुन् ।

रास्वपाका केन्द्रीय परराष्ट्र विभागका उपप्रमुख डा. तिमिल्सिनाले अष्ट्रेलियाको ग्रिफिथ विश्वविद्यालयबाट राजनीतिक र अन्तरराष्ट्रिय मामिलामा विद्यावारिधि उपाधि प्राप्त गरेका छन् । सांसद हुनुअघि उनी त्रिभुवन विश्वविद्यालयको आन्तरिक सुरक्षा, राजनीति र कूटनीतिमा अध्यापन गर्थे ।

डा. तिमिल्सिना अनुसन्धान विशेषज्ञ एवम् विश्लेषक हुन् । नेपालको शान्ति प्रक्रिया, परराष्ट्र नीति र भूराजनीतिक जटिलताको सूक्ष्म अध्ययन एवम् अन्तरराष्ट्रिय मञ्चमा अनुसन्धानमूलक प्रस्तुतिमार्फत देशको नीतिगत बहसलाई डोर्‍याउने कार्यमा पनि संलग्न थिए ।

साहित्य, लेखन र पत्रकारिता क्षेत्रमा पनि आबद्ध डा तिमल्सिना 'भ्रष्टाचारविरुद्धको लडाईः एन्टी करप्सन स्टडिज' का विज्ञ मानिन्छन् । उनी 'एसियन इस्टिच्युट फर एड्भान्स रिसर्च' का संस्थापक पनि हुन् ।



नवनियुक्त मन्त्रीहरुको शपथ ग्रहणः राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष शुक्रबार राष्ट्रपति कार्यालय शीतल निवासमा आयोजित विशेष समारोहमा नवनियुक्त मन्त्रीहरु पद तथा गोपनीयताको सपथ लिनुहुँदै । तस्बिरः रत्न श्रेष्ठ/रासस

# देशको अर्थतन्त्र सुधार्ने जिम्मा अर्थशास्त्री डा. वाग्लेको काँधमा



**रमेश लम्साल/रासस**
**काठमाडौँ ।**
लन्डन स्कूल अफ इकोनोमिक्सबाट अर्थशास्त्रमा स्नातक गरेका डा. स्वर्णिम वाग्ले नेपालको स्थापित अर्थशास्त्रीमध्येको एक हुन् । गोरखाको बुङ्कोटमा जन्मिएका डा. वाग्ले एक प्रखर अर्थशास्त्री र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उपसभापति हुन् । उनले विसं २०४२ को प्रवेशिका परीक्षामा बूढानीलकण्ठ स्कुलबाट देशभरबाट दोस्रो स्थान हासिल गरेका थिए ।

डा. वाग्लेले लन्डन स्कुल अफ इकोनोमिक्सबाट अर्थशास्त्रमा स्नातक, हार्वर्ड विश्वविद्यालयबाट अन्तरराष्ट्रिय विकासमा स्नातकोत्तर र अस्ट्रेलियन नेशनल युनिभर्सिटीबाट अर्थशास्त्रमा पिएचडी (विद्यावारिधि) गरेका छन् ।

राजनीतिमा पूर्णकालीन रूपमा सहभागी हुनुअघि डा. वाग्लेले दुई दशकभन्दा बढी समय अन्तरराष्ट्रिय एवम् बहुपक्षीय आर्थिक मञ्चमा महत्त्वपूर्ण जिम्मेवारी सम्हालेका थिए । उनले अमेरिकाको वासिङ्टन डिसीस्थित विश्व बैंकमा वरिष्ठ अर्थशास्त्री र न्यूयोर्कस्थित संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको मुख्यालयमा एसिया र प्रशान्त क्षेत्रका लागि प्रमुख आर्थिक सल्लाहकारका रूपमा काम गरिसकेका छन् ।

नीति तथा योजना निर्माणमा पनि उनले महत्त्वपूर्ण योगदान दिएका छन् । राष्ट्रिय योजना आयोगको सदस्य र सन् २०१७ देखि २०१८ सम्म उपाध्यक्षका रूपमा उन सफल नेतत्व गरिसकेका छन् ।

नेपाली कांग्रेसमा वैचारिक र नीतिगत तहमा रहेर भूमिका निर्वाह गरेका डा. वाग्ले विसं २०७९ चैतमा पार्टी परित्याग गरी राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेश गरेका थिए । हाल उनी रास्वपाको उपसभापति र तनहुँ क्षेत्र नं १ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य हुन् । डा. वाग्ले फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा ३८ हजार ४० मत प्राप्त गरी विजयी भएका हुन् ।

विशेषगरी तथ्याङ्क र तर्कमा आधारित नीतिगत बहस गर्ने बौद्धिक नेताका रूपमा स्थापित डा. वाग्लेले संसद्मा आर्थिक सुधार, सुशासन र युवा स्वरोजगारका विषयलाई प्रमुखताका साथ उठाउँदै आएका छन् ।

गोरखामा जन्मिएका वाग्ले सामान्य पारिवारिक परिवेशमा हुर्किएका हुन् । बाल्यकालदेखि नै अध्ययनमा रुचि राख्ने उनी अध्ययनशील र तर्कशील नेताका रूपमा चिनिन्छन् ।

विकास अर्थशास्त्र, सार्वजनिक नीति तथा आर्थिक सुधारका विषयमा विशेष अनुसन्धान गरेको छ । सोही अनुभवका कारण उनी अन्तरराष्ट्रियस्तरका नीतिगत बहसमा सहभागी हुँदै आएका छन् ।

उच्च शिक्षालगत्तै उनले विभिन्न अन्तरराष्ट्रिय संस्थामा काम गरेको थियो । विशेषगरी संयुक्त राष्ट्रसङ्घसँग आबद्ध कार्यक्रममार्फत डा. वाग्लेले विकास, गरिबी न्यूनीकरण र आर्थिक नीतिका क्षेत्रमा विशेष योगदान गरेका छन् ।

योजना आयोगको उपाध्यक्षको जिम्मेवारीमा रहँदा उनले अगाडि सारेको अवधारणामा नै बहुउद्देश्यीय बूढीगण्डकी जलविद्युत् आयोजनाको निर्माण प्रक्रिया सुरु गर्ने तयारी भएको छ । आन्तरिक स्रोतको उपयोग गरेर आयोजनालाई अगाडि बढाउने गरी सरकारले निर्णय गरिसकेको छ । त्यसका अलावा यो जिम्मेवारीमा रहँदा उनले मुलुकको दीर्घकालीन विकास योजना, आर्थिक नीति सुधार तथा सुशासनका विषयमा काम गरेको थियो ।

खासगरी राजनीतिक परिवर्तनलाई आर्थिक विकास र समृद्धिसँग जोड्नुपर्छ, मध्यमवर्गको विस्तार गर्नुपर्छ भन्ने मत राख्ने डा. वाग्ले समकालीन नेपालको स्थापित अर्थशास्त्री एवम् विकास रणनीतिकर्ताका रूपमा स्थापित हुन् । 'राजनीति कोरो कल्पना र सपना मात्रै होइन, जनताले परिवर्तनको महसुस गर्नुपर्छ र त्यसका लागि गुणात्मक परिवर्तन गर्नुपर्छ,' भन्ने उनले मत राख्दै आएका छन् ।

निर्वाचनका क्रममा डा. वाग्लेले विकास, सुशासन, रोजगारी सिर्जना तथा आर्थिक सुधारलाई प्रमुख एजेन्डा बनाएका थिए । आफ्नो विषय प्रष्टसँग राख्ने, राजनीतिमा आलोचनाभन्दा पनि विचारले श्रेष्ठ सावित हुनुपर्छ भन्ने मान्यता राख्ने डा. वाग्लेले मतदातासँग प्रत्यक्ष संवादका क्रममा नयाँ सोच र परिणाममुखी राजनीतिका विषय उठाएका थिए ।



डा. वाग्ले नेपाली राजनीतिमा नीतिगत क्षमता र आर्थिक विषयको ज्ञान भएका नेताका रूपमा चिनिन्छन् । अघिल्लो पटक सङ्घीय संसद्का रुपमा उनले सदनमा खेल्नुभएको भूमिका पनि स्मरणीय रहेको छ ।

उनका विभिन्न अन्तरराष्ट्रिय जर्नलमा अर्थतन्त्रसम्बन्धी लेख तथा विचार प्रकाशित छन् । खासगरी समस्या पहिचान, तथ्य र आँकडा प्रस्तुतिका कारण डा. वाग्लेको विश्लेषण समसामयिक र समस्या समाधानमा केन्द्रित रहने गरेको छ ।

खासगरी, अर्थतन्त्र र विकास नीतिमा उनको विशिष्ठ अनुभवले समृद्ध नेपाल निर्माणको सपना पूरा हुने अपेक्षा गरिएको छ ।

### १५ वटा ऐन र राजस्व अनुसन्धान विभाग खारेज प्रक्रिया अघि बढाइने

नवनियुक्त अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले पदभार ग्रहण गरेका छन् । राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष शपथ ग्रहण गरेपछि उनी शुक्रबार अर्थ मन्त्रालय पुगेर औपचारिक रूपमा जिम्मेवारी सम्हालेका थिए ।

पदभार ग्रहण गर्दै अर्थमन्त्री वाग्लेले उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग, २०८१ का महत्त्वपूर्ण सुझाव कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले आयोगको सिफारिसअनुसार राजस्व अनुसन्धान विभाग खारेज गर्ने तथा विभिन्न १५ वटा ऐन खारेज वा संशोधन प्रक्रिया तत्काल अघि बढाउने निर्णय गरिएको जानकारी दिए ।

अर्थमन्त्री वाग्लेले चैत ११, २०८२ सम्मको 'आर्थिक स्थितिपत्र' पाँच दिनभित्र तयार पार्ने र सरकारको निर्वाचन वाचापत्रलाई कार्यान्वयनमा लैजान १०० दिने, अर्धवार्षिक तथा वार्षिक कार्ययोजना बनाइने बताए । उनले वाचापत्रलाई आन्तरिकीकरण गर्दै प्रभावकारी कार्यान्वयनतर्फ सरकार अघि बढ्ने उल्लेख गरे ।

उनका अनुसार निजी उद्यम–व्यवसायको सुरक्षा तथा प्रवद्र्धन, ठूला विकास आयोजनाको सहजीकरण र प्रक्रियागत झन्झट हटाउन नयाँ विधेयक तर्जुमा तथा विद्यमान कानून संशोधनलाई प्राथमिकता दिइनेछ । 'अब ठूला आयोजना फटाफट अघि बढ्ने वातावरण बनाइनेछ,' उनले भने ।

अर्थमन्त्री वाग्लेले अर्थतन्त्रमा देखिएका समस्यालाई टुक्राटुक्रा रूपमा नभई समग्र रूपमा समाधान गर्ने नीति लिइने बताउँदै तजबिजी अधिकार हटाएर प्रणालीगत सुधार गरिने उल्लेख गरे । उनले सार्वजनिक खर्च पुनरावलोकन आयोगको सिफारिस कार्यान्वयन, आन्तरिक उत्पादन वृद्धि, रोजगारी सिर्जना र रुपान्तरणकारी बजेट निर्माणलाई प्राथमिकतामा राखिने जानकारी दिए ।

उनले विद्युतीय शासन प्रणालीलाई प्रवद्र्धन गर्दै 'पेपरलेस' र 'क्यासलेस' प्रणालीतर्फ अघि बढ्ने प्रयासको सुरुआत अर्थ मन्त्रालयबाटै गरिएको पनि बताए । साथै, वर्तमान अन्तरराष्ट्रिय परिस्थिति, विशेषगरी मध्यपूर्व क्षेत्रमा देखिएको समस्यालाई सूक्ष्म ढङ्गले विश्लेषण गर्दै अन्तर–उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदनअनुसार खारेज प्रक्रिया अघि बढाइने ऐनहरूमा आय टिकट दस्तुर ऐन, २०१९, कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२, निजी वन जङ्गल राष्ट्रियकरण ऐन, २०१३, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३, क्षतिपूर्ति ऐन, २०१९, विर्ता उन्मुलन ऐन, २०१६, विर्तावालले विर्तामा रकम लगाइ–लिन खान नपाउने ऐन, २०१५, राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२, विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१, नेपाल एजेन्सी ऐन, २०१४, प्रादेशिक विकास योजना (कार्यान्वयन गर्ने) ऐन, २०१३, निकासी–पैठारी (नियन्त्रण) ऐन, २०१३, सामाजिक व्यवहार सुधार ऐन, २०३३, नेपाली मुद्राको चलनचल्ती बढाउने ऐन, २०१४ तथा वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी ऐन, २०५५ रहेका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापतिसमेत रहनुभएका वाग्लेले ऐतिहासिक जनादेश प्राप्त वर्तमान सरकारले निजी क्षेत्रमैत्री नीति अवलम्बन गर्दै आर्थिक तथा कानूनी सुधारको व्यापक मार्गचित्र अघि बढाउनेसमेत बताए ।

नवनियुक्त अर्थमन्त्री डा. वाग्ले मुलुकको आर्थिक नीतिगत नेतृत्वमा अनुभवी र अन्तरराष्ट्रिय पहिचान बनाएका व्यक्तिका रुपमा परिचित हुन् । नवगठित मन्त्रिपरिषद् वाग्ले दोस्रो वरियतामा राखिनुले सरकारको आर्थिक एजेन्डा उच्च प्राथमिकतामा रहेको बुझ्न सकिन्छ ।

तनहुँ क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित वाग्लेले २०८२ सालको निर्वाचनमा ३८ हजार ४० मत प्राप्त गर्दै प्रभावशाली जित हासिल गरेका थिए ।

विसं २०३१ जेठ १६ गते गोरखामा जन्मिएका वाग्ले २०४६ सालको जनआन्दोलनदेखि नै लोकतान्त्रिक आन्दोलनमा सक्रिय रहँदै आएका थिए । वाग्लेले संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) को एसिया–प्रशान्त क्षेत्रीय ब्युरोमा प्रमुख आर्थिक सल्लाहकारका रूपमा काम गरिसकेका छन् ।

त्यस्तै, विश्व बैंकमा वरिष्ठ अर्थशास्त्रीका रूपमा काम गरिसकेका उनले विकासशील राष्ट्रहरूको आर्थिक रूपान्तरणका विविध पक्षमा योगदान दिएका छन् ।

त्यस्तै, राष्ट्रिय योजना आयोगमा सदस्य र पछि उपाध्यक्षका रूपमा कार्य गर्दै राष्ट्रिय विकास रणनीति निर्माण, अन्तर–मन्त्रालय समन्वय तथा दीर्घकालीन योजनाको मार्गनिर्देशनजस्ता कार्यमा उनको अनुभव छ ।

एसियाली विकास बैंक, अन्तर्राष्ट्रिय व्यापार केन्द्रजस्ता अन्तरराष्ट्रिय संस्थामा परामर्शदाता, काठमाडौँ विश्वविद्यालयका पूर्वसिनेट सदस्य तथा विश्व बैंकको 'साउथ एसिया च्याम्पियन्स ग्रुप'का सदस्यका रुपमा पनि उनले जिम्मेवारी सम्हालिसकेका छन् ।

शैक्षिक दृष्टिले पनि वाग्ले अत्यन्त सशक्त पृष्ठभूमि भएका व्यक्ति हुन् । उनले लन्डन स्कुल अफ इकोनोमिक्सबाट स्नातक, हार्वर्ड विश्वविद्यालयबाट अन्तरराष्ट्रिय विकासमा स्नातकोत्तर तथा अष्ट्रेलियन नेसनल विश्वविद्यालयबाट अर्थशास्त्रमा विद्यावारिधि हासिल गरेको छ ।

लेखन तथा बौद्धिक योगदानका हिसाबले पनि वाग्ले सक्रिय हुन् । उनले सहसम्पादन गरेको पुस्तक 'द ग्रेट अपहेभल' तथा सहलेखनमा तयार भएको 'द राइज अफ द साउथ'जस्ता पुस्तक अन्तरराष्ट्रिय प्रकाशनबाट प्रकाशित छन् ।

अर्थमन्त्रीका रूपमा वाग्लेको नियुक्ति विशेषगरी नेपालको सुस्त आर्थिक वृद्धि, घट्दो राजस्व सङ्कलन, बढ्दो सार्वजनिक ऋण र विकास खर्चको न्यून कार्यान्वयनजस्ता चुनौतीबीच भएको छ । यस्ता जटिल परिस्थितिमा अन्तरराष्ट्रिय विकास अनुभव र नीतिनिर्माणको दीर्घ अभ्यास भएका वाग्लेबाट ठोस सुधारको अपेक्षा गरिएको छ । अबको सन्दर्भमा वाग्लेसमक्ष प्रमुख चुनौती भनेको आर्थिक स्थायित्व कायम गर्दै रोजगारी सिर्जना, लगानी वृद्धि, निजी क्षेत्रको मनोबल पुनःस्थापना र संघीय संरचनामा वित्तीय अनुशासन सुदृढ गर्नु रहेको देखिन्छ । विगतमा नीतिनिर्माणमा देखाएको सक्रियता र अन्तरराष्ट्रिय अनुभवका आधारमा उनले सुधारमुखी एजेन्डा अघि सार्ने अपेक्षा गरिएको भए पनि राजनीतिक दबाब, प्रशासनिक जटिलता र संरचनागत कमजोरीले उनको कार्यक्षमता कतिको प्रभावकारी हुन्छ भन्ने प्रश्न भने खुला नै छ ।

### सुशासन, सेवा प्रवाह सुधार र पूर्वाधार निर्माणमा केन्द्रित हुन निर्देशन

नवनियुक्त अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले सुशासन प्रवद्र्धन, सेवा प्रवाहलाई सहज बनाउने र पूर्वाधार निर्माणलाई तीव्रता दिने कार्यलाई सरकारको प्रमुख प्राथमिकताका रूपमा अघि बढाइने बताएका छन् ।

सिंहदरबारस्थित अर्थ मन्त्रालयमा कार्यभार सम्हाल्दै कर्मचारीलाई निर्देशन दिने क्रममा उनले वर्तमान आर्थिक तथा प्रशासनिक चुनौतीलाई सम्बोधन गर्न नतिजामूलक ढङ्गले काम गर्नुपर्नेमा जोड दिए । 'जिम्मेवारी निकै ठूलो छ, सामान्य ढङ्गले काम गरेर अपेक्षित उपलब्धि हासिल गर्न सकिँदैन, अब कामको गति बदल्नैपर्छ,' उनले भने ।

अर्थमन्त्री वाग्लेले राजनीतिक नेतृत्व स्पष्ट, पारदर्शी र स्वच्छ भए कर्मचारी संयन्त्रले स्वतः सहयोग गर्ने धारणा व्यक्त गरे । 'राजनीतिक नेतृत्व धमिलो हुँदा कर्मचारीतन्त्र पनि प्रभावित हुन्छ, नेतृत्व राम्रो भयो भने संस्था आफैँ सुदृढ हुन्छ,' उनले उल्लेख गरे ।

अर्थमन्त्री वाग्लेले सुशासनका सवालमा कठोर हुनुपर्ने बताउँदै कानून निर्माण मात्र पर्याप्त नभई त्यसको इमानदार कार्यान्वयन अनिवार्य रहेको धारणा व्यक्त गरे । 'नागरिकले घुस ख्वाउन नपर्ने, लाइन बस्न नपर्ने अवस्था सिर्जना गर्नुपर्छ, सेवा प्रवाह सुधार वर्तमान सरकारको अत्यन्त महत्वपूर्ण एजेण्डा हो,' उनले स्पष्ट गरे ।

कर्मचारी व्यवस्थापनका सन्दर्भमा उनले राम्रो काम गर्ने कर्मचारीलाई प्रोत्साहन गरिने तर जिम्मेवारी पूरा नगर्नेप्रति कडाई गरिने पनि बताए । 'कर्मचारीको दलीयकरण र राजनीतिक आबद्धतालाई तोड्नुपर्छ,' उनले जोड दिए ।

अर्थतन्त्रको पुनरोत्थानका लागि २०५० को दशकमा गरिएको आर्थिक सुधारलाई स्मरण गर्दै उनले अब दोस्रो चरणको आर्थिक सुधार आवश्यक रहेको उल्लेख गरे । भौतिक पूर्वाधार निर्माण, विशेषगरी हवाई तथा स्थल 'कनेक्टिभिटी' विस्तारमा जोड दिइने उनको भनाइ छ ।

आगामी आवको नीति तथा कार्यक्रममा न्यून तथा मध्यम आय भएका वर्गलाई विशेष प्राथमिकता दिने उल्लेख गर्दै उनले प्रवासमा रहेका नेपालीको लगानी आकर्षित गर्ने वातावरण निर्माण गरिने बताए । 'हाम्रो 'डायस्पोरा' लगानी गर्न तयार छ, त्यसलाई उपयोग गर्नुपर्नेछ,' उनले भने ।

अर्थमन्त्री वाग्लेले प्रशासनिक सुधारअन्तर्गत डिजिटाइजेशनलाई तीव्रता दिने नीति लिइने बताउँदै विद्युतीय माध्यमबाट टिप्पणी उठाउने र निर्णय प्रक्रिया अगाडि बढाउने कार्य सुरु भइसकेको जानकारी दिए । गत भदौ २३ र २४ गतेको आन्दोलनपछि निजी क्षेत्र त्रसित बनेको उल्लेख गर्दै उनले निजी क्षेत्रको मनोबल उच्च बनाउन कानूनी तथा व्यावहारिक समस्या पहिचान गरी समाधान गरिने प्रतिबद्धता व्यक्त गरे । ठूला आयोजनाको कार्यान्वयनका लागि एकीकृत प्रकृतिको छुट्टै कानून निर्माण गर्न सकिने सम्भावनासमेत उनले औँल्याए ।

नयाँ तथा संशोधन गर्नुपर्ने कानूनलाई प्राथमिकताका आधारमा द्रुत गतिमा अघि बढाइने जनाउँदै उनले तथ्याङ्कमा आधारित नीतिनिर्माण गरिने र विगतका सफल अभ्यासलाई निरन्तरता दिइने बताए ।

संसद् र संसदीय समितिलाई प्रभावकारी बनाउने अपेक्षा व्यक्त गर्दै उनले प्रतिनिधिसभा सांसदहरूको मुख्य भूमिका विधायन रहेको स्मरण गराउनुभयो । 'सरकारले सदनलाई आवश्यक विजनेस दिनेछ,' उनले भने । नेपाललाई सन् २०२६ सम्ममा अतिकम विकसित मुलुकबाट स्तरोन्नति गर्ने र सन् २०३० सम्म दिगो विकास लक्ष्य हासिल गर्ने लक्ष्यअनुसार काम गरिने उनले स्पष्ट गरे ।

उनले सुवर्ण समशेर, कृष्णप्रसाद भट्टराई र डा रामशरण महत नेतृत्वको उदाहरण दिँदै राज्यको सम्पत्तिको संरक्षण 'शेषनागले जस्तै' गर्नुपर्नेमा जोड दिए ।

डा. वाग्ले अर्थमन्त्री भएपछि तनहुँमा खुसी

तनहुँ क्षेत्र नं १ बाट दोस्रो कार्यकालका लागि निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उपसभापति डा. स्वर्णिम वाग्ले अर्थमन्त्री बनेका छन् । रास्वपा सभापति रवि लामिछानेले निर्वाचनअगावै डा. वाग्लेलाई अर्थमन्त्रीको जिम्मेवारी बनाइने अभिव्यक्ति दिएका थिए ।

आफ्नो क्षेत्रबाट निर्वाचित सांसद देशको महत्तुवपूर्ण जिम्मेवारीमा आएपछि तनहुँ क्षेत्र नं १ का स्थानीय खुसी भएका छन् । डा. वाग्ले यहाँबाट दोस्रोपटक निर्वाचित भएका हुन् । उनी विसं २०८० वैशाख १० गते सम्पन्न उपनिर्वाचनमा ३४ हजार ९ सय ११ मतसहित पहिलोपटक विजयी भएका थिए । डा. वाग्ले गत फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा ३८ हजार ४० मतसहित दोस्रोपटक विजयी भएका हुन् ।

अर्थशास्त्री, नीतिगत विज्ञ र योजनाविद्का रूपमा पहिचान बनाउनुभएका वाग्लेले अर्थमन्त्रीको जिम्मेवारी प्राप्त गर्नुभएपछि तनहुँवासी थप खुसी भएका छन् । तनहुँको म्याग्दे निवासी मनोज अधिकारीले डा. वाग्लेको अर्थमन्त्रीको जिम्मेवारीले आफूहरूलाई खुसी तुल्याएको प्रतिक्रिया दिए । उनले भने, 'डा. वाग्ले देशको अर्थतन्त्र सुधार गर्नसक्ने सक्षम व्यक्ति हो । जिल्लाले अर्थमन्त्रीका रूपमा उनलाई पाउँनु हामी सबैका लागि गौरवको कुरा हो ।'

बन्दीपुरका सिद्धान्त गर्जा मगरले सामाजिक न्यायसहितको अर्थनीति, सुशासन, आर्थिक सुधार र गुणस्तरीय पूर्वाधारलाई अब सैद्धान्तिक हिसाबले मात्र नभई व्यावहारिक ढङ्गबाट अगाडि बढाउन डा. वाग्ले सफल हुने विश्वास व्यक्त गरे ।

गोरखा जिल्लामा जन्मिए पनि वाग्लेले आफ्नो संसदीय यात्रा तनहुँबाट सुरु गरेको छ । सामान्य परिवेशमा हुर्किएका डा. वाग्ले अन्तरराष्ट्रिय ख्यातीप्राप्त विश्वविद्यालयबाट अध्ययन गर्दै देश विदेशमा आफ्नो छुट्टै पहिचान बनाएका छन् ।

उच्च शिक्षापछि विभिन्न अन्तरराष्ट्रिय संस्थामा काम गरेका वाग्लेले नेपाल फर्किएपछि राष्ट्रिय योजना आयोगको उपाध्यक्षको जिम्मेवारीसमेत सम्हालिसकेका छन् ।

# सेनाभित्र फेरबदलको सङ्केत, सत्तारूढ संरचना पुनर्गठनतर्फ

**म्यान्मार ।**
म्यान्मामा सैन्य शासनले आफ्नो शक्ति संरचना पुनःव्यवस्थित गर्ने सङ्केत दिएको छ । यसले देशको राजनीतिक मार्गचित्रमा नयाँ मोड ल्याउन सक्ने देखिएको छ । वार्षिक सशस्त्र सेना दिवसको भव्य परेड अघि सेनाको नेतृत्वमा परिवर्तनको तयारी भइरहेको सङ्केत सार्वजनिक भएको हो । यसलाई वर्तमान रक्षा प्रमुख मिन आङ ह्लाइङको औपचारिक रूपमा राष्ट्रपति बन्ने सम्भावित कदमका रूपमा व्याख्या गरिएको छ ।

राजधानी नेपिडोमा हजारौँ सैनिकहरू सशस्त्र सेना दिवसको अवसरमा प्रदर्शनका लागि तयारीमा छन्, जहाँ मिन आङ ह्लाइङले परम्परागत रूपमा वार्षिक सम्बोधन गर्दै सेनाको मनोबल उच्च बनाउने अपेक्षा गरिएको छ ।

सन् २०२१ मा आङ सान सुकी नेतृत्वको निर्वाचित सरकारलाई अपदस्थ गरेपछि उनले आदेशमार्फत शासन गर्दै आएका छन् । त्यसपछि सुकीलाई पक्राउ गरिएको, उनको पार्टी विघटन गरिएको र देश गृहयुद्धमा धकेलिएको थियो ।

सरकारी पत्रिका ग्लोबल न्यु लाइटका अनुसार समारोहपछि सेनामा 'नेतृत्व परिवर्तन' हुने सङ्केत दिइएको छ । मिन आङ ह्लाइङका सहायक सो विनले बिहीबार आयोजित आधिकारिक रात्रिभोजमा यस्तो जानकारी दिएका हुन् । यो अभिव्यक्तिले आगामी राजनीतिक रूपान्तरणको सङ्केत गरेको विश्लेषकहरूको बुझाइ छ ।

यसै वर्षको सुरुआतमा सम्पन्न चुनावमा सैन्य समर्थित दलहरूले सहज विजय हासिल गरेपछि अब सांसदहरूले आगामी साता राष्ट्रपतिको चयन प्रक्रिया सुरु गर्ने तयारी गरिरहेका छन् । यद्यपि, प्रजातन्त्र पक्षधर अनुगमनकर्ताहरूले उक्त चुनावलाई विपक्षी शक्तिलाई बाहिर राखेर योजनाबद्ध रूपमा सम्पन्न गरिएको भन्दै आलोचना गरेका छन् ।

संविधानअनुसार राष्ट्रपति बन्नका लागि मिन आङ ह्लाइङले आफ्नो सैन्य पद त्याग्नुपर्ने हुन्छ । सो विनको अभिव्यक्तिले उनले यस्तो कदम चाल्ने सम्भावना अझ प्रस्ट बनाएको छ । उनी हाल कार्यवाहक राष्ट्रपतिको भूमिकामा रहे पनि स्थायी रूपमा पद सम्हाल्ने अवस्था बनेमा आलोचकहरूले यसलाई सेनाले नागरिक आवरणमा सत्ता निरन्तरता दिएको रूपमा व्याख्या गर्नेछन् ।

सो विनले 'नेतृत्वमा जो आए पनि सशस्त्र सेनाले निरन्तर मार्गनिर्देशनअनुसार अघि बढ्ने' सङ्केत दिए । म्यान्माको सैन्य विचारधाराले आफूलाई देशलाई विखण्डनबाट जोगाउने एकमात्र शक्ति भएको रूपमा प्रस्तुत गर्दै आएको छ ।

यसबीच, परेडको तयारीलाई सरकारी सञ्चारमाध्यमहरूले व्यापक रूपमा प्राथमिकता दिएका छन् । प्राचीन राजाहरूका विशाल मूर्तिहरू अगाडि उभिएका क्षेप्यास्त्र प्रक्षेपकहरूको तस्बिरसहित सैन्य शक्ति प्रदर्शनलाई प्रमुख रूपमा देखाइएको छ । तर, सन् २०२१ पछि सशस्त्र सेना दिवसका कार्यक्रमहरू क्रमशः सानो बन्दै गएका छन्, जसको कारण जारी गृहयुद्धले सेनाको क्षमता र उपस्थिति प्रभावित पारिरहेको छ ।

गत वर्षदेखि भने केही क्षेत्रमा जुन्ताले पुनः पकड जमाएको सङ्केत देखिएको छ । चीनको मध्यस्थतामा भएका युद्धविरामहरूले केही रणनीतिक क्षेत्रहरू सेनाको नियन्त्रणमा फर्काउन सहयोग गरेको छ । उत्तरी सहर लासियो सेनाले पुनः कब्जा गरेको छ भने अर्को सम्झौतापछि ताङ नेसनल लिबरेसन आर्मी मान्डले क्षेत्रबाट पछि हटेको छ । यी विद्रोही समूहहरूले सन् २०२३ को अन्त्यदेखि संयुक्त रूपमा गरेको आक्रमणलाई जुन्ताका लागि ठूलो चुनौती मानिएको थियो । विश्लेषकहरूका अनुसार चीनको सक्रिय भूमिकाले क्षेत्रीय स्थिरता कायम गर्न सैन्य संरचनालाई समर्थन गरेको सङ्केत देखिन्छ ।

यद्यपि, द्वन्द्व पूर्ण रूपमा नियन्त्रणमा आएको छैन । विभिन्न सशस्त्र समूहहरूको संलग्नताले युद्धलाई अत्यन्त जटिल बनाएको छ, कतिपय क्षेत्रमा सेना घेराबन्दीमा परेर अन्तिम प्रतिरोध गरिरहेको अवस्था पनि रहेको बताइन्छ । एसिएलडीका अनुसार गत वर्ष सैन्य हवाई तथा ड्रोन आक्रमणको संख्या उल्लेखनीय रूपमा बढेको थियो । द्वन्द्वको स्पष्ट आधिकारिक तथ्याङ्क नभए पनि एसिएलडीले सबै पक्षबाट ९० हजारभन्दा बढी मानिस मारिएको अनुमान गरेको छ । संयुक्त राष्ट्रसङ्घका अनुसार ३७ लाखभन्दा बढी मानिस विस्थापित भएका छन् भने देशको आधाभन्दा बढी जनसंख्या गरिबीको चपेटामा परेको छ । एएफपी

# अवैध रूपमा सञ्चालित क्रसरबाट स्थानीयवासी पीडित



**रामहरि न्यौपाने/रासस**
**नुवाकोट ।**
यहाँको विभिन्न स्थानमा सञ्चालित अवैध क्रसर उद्योगले स्थानीयवासी पीडित हुँदै आइरहेका छन् । नदी तथा खोलामा अवैध रूपमा उत्खननले तीव्रता पाइरहेका छन् । कानूनको अभाव र नियमनकारी निकायको कमजोरीका कारण प्राकृतिक स्रोतको दुरूपयोग गर्दै राजस्व सङ्कलनमा समेत छलकपट हुँदै आइरहेको छ ।

नुवाकोटको दक्षिणपूर्वमा पर्ने शिवपुरी पञ्चकन्या र लिखु गाउँपालिका हुँदै पश्चिमतर्फ बग्ने लिखु खोलाका विभिन्न स्थानमा सञ्चालनमा रहेका अवैध क्रसर उद्योगले स्थानीय जनताको स्वास्थ्यमा प्रतिकूल असर पुगेको भन्दै चौतर्फी विरोध भइरहेको छ ।

पूर्वपश्चिम मध्यपहाडी लोकमार्ग निर्माणका नाममा विभिन्न राजनीतिक दलको संरक्षणमा सञ्चालन भएका ती क्रसर उद्योगबाट करोडौँ रूपैयाँको नदीजन्य सामग्री ढुङ्गा, गिट्टी, बालुवाको दोहन हुनुका साथै उद्योग आसपासका बस्ती विपद्को जोखिममा परेका छन् । वर्षात्को समयमा बाढीपहिरोको जोखिम त छँदैछ, हिउँदमा धुलो, धुवाँका कारण बस्नै कठिन भइरहेको स्थानीयको गुनासो छ । मध्यपहाडी लोकमार्गअन्तर्गत पर्ने उक्त क्षेत्रको सडकखण्ड निर्माण सम्पन्न भइसक्दा पनि स्थानीय जनप्रतिनिधि र राजनीतिक दलको संरक्षणका कारण आयोजनाको नाममा रहेका अवैध उद्योग विगत १० वर्षदेखि निरन्तर सञ्चालनमा छन् ।

अवैध उद्योग सञ्चालन भइरहँदा सोहीअनुसार प्राप्त हुनुपर्ने राजस्व सङ्कलनको लक्ष्य पनि अधुरै रहेको छ । समुदायको साझा सम्पत्तिका रूपमा रहेको खोला र नदी स्थानीय राजनीतिक दलको कमाउधन्दा भइरहेको भन्दै नियमनकारी निकायले समेत चासो नदिएको भन्दै प्रभावित स्थानीयवासीले गुनासो गरेका छन् ।

शिवपुरी गाउँपालिकाको अध्यक्ष गोविन्दप्रसाद थपलियाले राष्ट्रिय गौरवको आयोजनाका सडक बनाउन क्रसर उद्योग स्थापना भए पनि ती योजना सम्पन्न भइसक्दासमेत निरन्तर सञ्चालनमा रहेको स्वीकार गरे । आयोजनाका नाममा लिएका अनुमतिबाट सञ्चालन रहेका उद्योग पालिकाले नियमनको प्रयास थाले पनि कानूनी अभावको समस्या रहेको उनको भनाइ छ । 'सञ्चालित क्रसर उद्योगबाट उत्पन्न प्रदूषण र प्राकृतिक दोहनको विषयमा कुनै उजुरी र गुनासो लिखित रूपमा आएको छैन,' अध्यक्ष थपलियाले भने, 'उजुरी आए कारबाहीका लागि पालिका तयार छौँ ।'

आयोजनाको नाममा स्थापना भएका अस्थायी क्रसर उद्योगलाई निरन्तर सञ्चालनका लागि आवश्यक विद्युत् सिफारिसलगायत कार्य भने पालिकाको सहजीकरण कानूनको दायराभित्रै बसेर गरिएको उनले दाबी गरे । तर उक्त सुविधा रोक्नुपर्ने स्थानीयवासीको माग छ ।

शिवपुरी–१ स्थित तलाखुबाट सुरु भएर जिल्लाको लिखु गाउँपालिका जोडिने स्थानसम्म करिब आधा दर्जन क्रसर उद्योग सञ्चालनमा छन् । अस्थायी रूपमा सञ्चालित ती उद्योग अवैध रहेको भन्दै स्थानीयले गुनासो गर्दै आइरहेका छन् । उद्योगको वार्षिक नवीकरण, सञ्चालनको अनुगमन, मापदण्डको पालनामा भने स्थानीय सरकारदेखि जिल्लास्तरीय अनुगमन समितिको समेत पहुँचभन्दा बाहिर छ ।

ती क्रसर उद्योगका लागि खोलाबाट निकालिने ढुङ्गा, गिट्टी र बालुवा कसले कुन प्रयोजनका लागि कहाँ लैजान्छन्, नियामक निकायलाई नै जानकारी नहुने अवस्था छ । आयोजनाका लागि अनुमति लिएका क्रसर उद्योगमा उत्पादित सामग्री सोही प्रयोजनका लागि मात्र उपयोग गर्न पाइन्छ । तर त्यसमा सम्बन्धि नियामक निकायबाट अनुगमन नहुँदा उत्खननदेखि निकासीसम्म अवैध गतिविधिले प्रश्रय पाएको हो ।

लिखु खोलाबाट अवैध रूपमा भइरहेको ढुङ्गा, गिट्टी र बालुवाको उत्खननले आफ्नो घर र खेत कटानको जोखिममा परेको शिवपुरी गाउँपालिका–५ स्थित शेराबगरका रविन कार्कीले दुःखेसो गरे । निरन्तर खोलाबाट निर्माण सामग्री निकालिँदा खोलाको सतह भासिँदै गएको छ ।

खोला नजिकका खेतीयोग्य जमिन एवम् बस्ती नदी कटानको उच्च जोखिममा परेका छन् । नदीमा तोकिएको मापदण्डभन्दा गहिराइसम्म पुगेर हुने उत्खननले नदीको सतह गहिएर किसानले सिँचाइ गर्न लगेका बाँधमा पानी उक्लन नै छाडेको कार्कीले गुनासो छ ।

अवैध रूपमा भइरहेको नदीजन्य सामग्रीको उत्खननले खेतीयोग्य एक रोपनी खेत नै खोलाले बगाएको शिवपुरी–६ का साइलो तामाङको गुनासो छ । उनका अनुसार हिउँदयाममा खोलाको सतह सानो हुँदा गरिने अवैध उत्खननले बर्खायाममा आउने खोलाबाढीले बहाब परिवर्तन गर्दै बस्ती जोखिममा पारेको हो । आफू अन्यायमा परेको भन्दै स्थानीय जनप्रतिनिधिलाई बारम्बार गरेको ध्यानाकर्षणको कुनै चासो नदिएको उनले दुःखेसो पोखे ।

नुवाकोटका विभिन्न स्थानमा सञ्चालनमा रहेका क्रसर उद्योगको वैधता भएनभएको अनुगमन गर्दै कारबाही अघि बढाउन लागिएको प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीले बताए । उनका अनुसार उद्योग सञ्चालनमा अनुमति दिने आयोजनासहितका निकाय, अनुगमनमा प्रत्यक्ष जोडिएका स्थानीय सरकारलगायतसँगको सहकार्यमा अवैध ठहरिएका उद्योग बन्द गरिनेछ ।

'केही स्थानबाट उद्योगको वैधता सम्बन्धमा आएका गुनासोलाई आधार मानेर जिल्लाभरका विवरण सङ्कलनमा लागेका छौँ,' प्रजिअ रेग्मीले भने, 'अनुमति दिने, उत्खनन र निकासीको ठेक्का लगाउने तथा राजस्व सङ्कलन गर्दै आएका विभिन्न निकायसँगको सहकार्यबाट अवैध देखिएकालाई बन्द गराउनेछौँ ।' शिवपुरी–५ शेराबगरमा विगत १० वर्षदेखि सञ्चालित क्रसर उद्योग अवैध रहेको सम्बन्धमा प्रशासनमा जानकारी नभएकाले आगामी दिनमा सबैलाई कानूनी दायरामा ल्याउन प्रतिबद्धता रहने उनले स्पष्ट पारे ।

क्रसर उद्योगले स्थानीयवासीको स्वास्थ्यमा गम्भीर असर पुग्नेदेखि ध्वनि प्रदूषणका कारण दैनिक जनजीवन नै कष्टकर भएको स्थानीय कपिल गोतामेले गुनासो गरे । 'अवैध रूपमा लामो समयदेखि सञ्चालनमा रहेको क्रसर उद्योग नियामक निकायको कमजोरी र संरक्षण छ,' उनले भने, 'स्थानीयवासीले विभिन्न निकायमा गुनासो गर्दा कुनै सुनुवाइ हुन्न । अन्याय भयो भन्नेलाई नै उल्ट डर, त्रास देखाई आवाज बन्द गराइन्छ ।'

अस्थायी क्रसर सञ्चालनको अनुमति लिएका उद्योगहरूले धेरै वर्षदेखि नवीकरण नभई राजस्व छली गर्दै मापदण्डविपरीत सञ्चालनमा छन् । आयोजनाको तोकिएका क्षेत्रको काम सम्पन्नपश्चात् बन्द हुनुपर्ने ती उद्योग पछिल्लो १० वर्षदेखि चलिरहेका छन् ।

उद्योगको एक किलोमिटरको दूरीभित्रै विद्यालय, अस्पताललगायत संवेदनशील क्षेत्र छन् । कानून कार्यान्वयन नहुँदा क्रसर उद्योगबाट निस्किएका धुलो र धुवाँ, उपकरणको ठुल्ठूला आवाज तथा निर्माण सामग्री ओसार्न प्रयोग भएका हेभी उपकरणको आवतजावतले विद्यालय र अस्पताललाई प्रत्यक्ष असर पुगेको छ ।

वैध रूपमा सञ्चालित क्रसर उद्योगलाई कानूनी दायरामा ल्याई व्यवस्थित गर्नका लागि विद्यालय र अस्पतालका तर्फबाट पटकपटक राखेको गुनासोको चाँडै सम्बोधन हुने आशामा स्थानीयवासी शान्त पर्खाइमा छन् । मागको सुनुवाइ नभए विरोधमा उत्रिएर आफूहरूले नै अवैध क्रसर उद्योग बन्द गराउन बाध्य हुने उनीहरूको चेतावनी छ ।

# ऊर्जाबाट कोही पनि वञ्चित नहोस्ः ऊर्जामन्त्री



**काठमाडौँ ।**
नवनियुक्त ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले ऊर्जाबाट कोही पनि वञ्चित हुन नहुने बताएका छन् ।

नवनियुक्त ऊर्जामन्त्री श्रेष्ठले आज मन्त्रालयमा पदबहालीपछि कर्मचारीलाई निर्देशन दिँदै ऊर्जा क्षेत्रबाट कोही पनि वञ्चित हुन नहुने बताएका हुन् । '२१औँ शताब्दीमा स्वच्छ ऊर्जाको माग झन् बढेर गएको छ, समयसापेक्ष रुपमा नीति बनाएर स्वच्छ ऊर्जाको विकासमा लागिनेछ,' उनले भने ।

मन्त्री श्रेष्ठले ऊर्जा क्षेत्रमा लगानीको वातावरण निर्माणका लागि अर्थ मन्त्रालयसँग समन्वय गरिने उल्लेख गरे । अन्तरमन्त्रालय समन्वय गरेर ऊर्जा र सिँचाइ क्षेत्रको विकासमा लागिने उनको भनाइ थियो । उनले पानीको अभावले खेतीयोग्य जमिन बाँझो हुने अवस्थाको अन्त्य गरिनुपर्ने बताए । मन्त्री श्रेष्ठले सहरी र ग्रामीण क्षेत्रमा पानीको 'रिचार्ज सिस्टम' निर्माणका लागि 'टिम' बनाएर अगाडि बढ्ने बताए । उनले वैकल्पिक ऊर्जाको विकासका लागि वैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्रलाई थप बलियो बनाउनुपर्ने उल्लेख गरे ।

मन्त्री श्रेष्ठले २१औँ शताब्दी भनेको अनुसन्धानको युग भएकाले ऊर्जा र सिँचाइ क्षेत्रमा थप अनुसन्धान आवश्यक रहेको उल्लेख गरे । उनले सुशासन ऐनलाई टेकेर मन्त्रालयमा सुशासन समिति गठन गरिने बताए । वित्तीय सुशासनलाई प्रभावकारी ढङ्गले अगाडि बढाइने उनको भनाइ थियो ।

मन्त्री श्रेष्ठले मन्त्रालयमा आएको उजुरी र यहाँ भएका चुनौतीलाई अध्ययन गरेर समाधानमा लाग्नुपर्ने बताए । उनले मन्त्रालयमा भएका कामका बारेमा प्रत्येक हप्ता सञ्चारमाध्यममार्फत आम जनतासम्म लैजान कर्मचारीलाई निर्देशनसमेत दिए ।

विवेकशील साझा पार्टीका तर्फबाट विसं २०७४ सालमा, समानुपातिकतर्फबाट बाग्मती प्रदेशको प्रदेशसभा सदस्य बनेका श्रेष्ठ विसं २०७९ सालको प्रतिनिधिसभा सदस्य निर्वाचनमा काठमाडौँ क्षेत्र नं ८ बाट विजयी भई युवा तथा खेलकुदमन्त्री बनेका थिए ।

प्रदेशसभामा रहँदा नेपाल भाषा र तामाङ भाषालाई बाग्मती प्रदेशको सरकारी कामकाजको भाषा बनाउने कानून पारित गराउन मन्त्री श्रेष्ठले महत्वपूर्ण भूमिका खेलेका थिए । 'बिजनेस एड्मिनिस्ट्रेसन' मा स्नातक गरेका श्रेष्ठले होटल–रेस्टुरेन्ट व्यवस्थापन र विभिन्न परियोजनामा जागिरेका रूपमा काम गरेका थिए ।

मन्त्री श्रेष्ठलाई मन्त्रालयमा ऊर्जा सचिव चिरञ्जीवी चटौत, जलस्रोत तथा सिँचाइ सचिव सरिता दवाडी, जल तथा ऊर्जा आयोगका सचिव दीनानाथ मिश्रले स्वागत गरेका थिए । तीनैजना सचिवले मन्त्री श्रेष्ठलाई आफ्नो नेतृत्वमा मन्त्रालयमा भएका कामका बारेमा जानकारी गराएका थिए । रासस

# मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरण प्राथमिकतामा रहनेछः वनमन्त्री




**काठमाडौँ ।**
वन तथा वातावरणमन्त्री गीता चौधरीले मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरणलाई आफ्नो कार्यकालको प्रमुख प्राथमिकतामा राख्ने बताएकी छन् ।

सिंहदरबारस्थित मन्त्रालयमा आज पदभार ग्रहण गर्दै मन्त्री चौधरीले पछिल्लो समय बढ्दै गएको मानव–वन्यजन्तु द्वन्द्वलाई नियन्त्रण गर्नु आजको आवश्यकता भएको उल्लेख गरिन् । उनले द्वन्द्व न्यूनीकरणका लागि सरोकारवालासँग छलफल गरी ठोस रणनीतिसहित अघि बढ्ने प्रतिबद्धता व्यक्त गरिन् ।

'विशेष गरी वन पैदावार र समुदाय दुवैलाई सशक्त बनाउनुपर्ने आवश्यकता छ,' मन्त्री चौधरीले भनिन् । शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज क्षेत्रबाट आफू आएको उल्लेख गर्दै मन्त्री चौधरीले मध्यवर्ती क्षेत्रका बासिन्दाले भोगिरहेका समस्यालाई समाधान गर्न प्राथमिकता दिइने बताइन् ।

यसै अवसरमा वन तथा वातावरण मन्त्रालयका सचिव डा. गोविन्दप्रसाद शर्माले नवनियुक्त मन्त्री चौधरीलाई स्वागत गर्दै नेपालको वन तथा वातावरण क्षेत्रका उपलब्धि, चुनौती तथा आगामी कार्यदिशाबारे जानकारी गराए ।

सचिव शर्माका अनुसार नेपालले वन्यजन्तु संरक्षणमा उल्लेखनीय प्रगति हासिल गरेको छ । पछिल्लो समय बाघलगायत प्रमुख प्रजातिको संख्या उल्लेख्य रूपमा वृद्धि भएको उनले जानकारी दिए । वन क्षेत्रले कच्चापदार्थ आपूर्ति गर्दै जीविकोपार्जन, उद्योग तथा उद्यम विकासमा महत्वपूर्ण योगदान पु¥याइरहेको पनि उनले स्पष्ट पारे ।

सचिव शर्माका अनुसार नेपालले पहिलोपटक अन्तरराष्ट्रिय कार्बन बजारबाट आम्दानी गर्न सफल भएको छ । 'यसले वन संरक्षणको उपलब्धिलाई अन्तरराष्ट्रियस्तरमा स्थापित गरेको छ । देशभर वन क्षेत्र विस्तार हुँदै गएको र हरियालीमा सुधार आएको भए पनि केही स्थानमा अझै समस्या कायमै छ,' उनले भने ।

सामुदायिक वन व्यवस्थापनले स्थानीय सहभागितामार्फत सकारात्मक परिणाम दिएको उल्लेख गर्दै सचिव शर्माले जैविक विविधता संरक्षणमा अझ निरन्तरता आवश्यक रहेको बताए । उनका अनुसार नेपालका संरक्षित क्षेत्रमा वार्षिक छ लाख ६५ हजारभन्दा बढी पर्यटक आगमन हुने गरेको छ, जसले वन पर्यटनको सम्भावना उजागर गरेको छ ।

वन क्षेत्र, जलविद्युत् आयोजना र पूर्वाधार विकासबीच सन्तुलन आवश्यक रहेको औँल्याउँदै उनले सडक विस्तार र जलविद्युत् आयोजनामा वन क्षेत्रको प्रयोग बढेको जानकारी दिए । विकास र संरक्षणबीच सन्तुलन कायम गर्नुपर्ने आवश्यकतामा सचिव शर्माले जोड दिए ।

काठ उत्पादनमा वृद्धि भए पनि माग र आपूर्तिबीच असन्तुलन रहेको उल्लेख गर्दै सचिव शर्माले स्वदेशी उत्पादनलाई उद्योगसँग जोड्ने नीतिको आवश्यकता औँल्याउनुभयो । उनले वन क्षेत्रका प्रमुख चुनौती राजनीतिक, सामाजिक, आर्थिक तथा प्राविधिक पक्षसँग सम्बन्धित रहेको बताउँदै बजेट अभाव, वन अतिक्रमण, प्रदूषण तथा जटिल कानूनी प्रक्रियाले व्यवस्थापनमा कठिनाइ थपेको जानकारी दिए ।

जलवायु परिवर्तनलाई प्रमुख चुनौतीका रूपमा उल्लेख गर्दै सचिव शर्माले वन स्रोतको दिगो उपयोग, प्रदुषण नियन्त्रण तथा कानूनी सुधारमा ध्यान दिनुपर्ने आवश्यकता औँल्याए । साथै, रोजगारी सिर्जना, आर्थिक विकास, पर्यटन प्रवद्र्धन तथा जडीबुटीको अन्तरराष्ट्रिय बजार विस्तारका योजना अघि सारिएको उनले बताए । सचिव शर्माले मन्त्री चौधरीसँग नीतिगत सुधार र समस्या समाधानमा सहकार्य गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गरे । रासस

# प्रसारण लाइन निर्माणका लागि रुख छपान सुरु

**तनहुँ ।**
तनहुँ जलविद्युत् आयोजनाअन्तर्गत प्रसारण लाइन निर्माणका लागि रुखमा छपान सुरु भएको छ । आयोजनाको प्याकेज तीनअन्तर्गत प्रसारण लाइन निर्माणका लागि चितवन जिल्लामा पर्ने रुखहरूमा छपान सुरु गरिएको हो ।

आयोजनाको दमौली भरतपुर २२० केभी प्रसारण लाइनको मार्गाधिकारमा पर्ने चितवन जिल्लास्थित राष्ट्रिय वनमा रहेका रुखहरूको छपान कार्य सुरु भएको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिए । प्रसारण लाइनको टावर निर्माण र मार्गाधिकारमा चितवन र तनहुँ जिल्लामा पर्ने वन क्षेत्रको जग्गा र त्यहाँ रहेका बोटबिरुवा हटाउन वन तथा भूसंरक्षण विभागसँग सम्झौता भएको थियो ।

प्रसारण लाइन निर्माणका लागि तनहुँ र चितवनमा पर्ने ९२.७ हेक्टर वन क्षेत्रको जग्गा भोगाधिकार पाउनुका साथै त्यहाँ रहेका नौ हजार १२७ रुखपोल हटाउन अनुमति प्राप्ति भएसँगै काम अगाडि बढेको भण्डारीले बताए । मन्त्रिपरिषद्को निर्णयबमोजिम आयोजनाको दमौली भरतपुर २२० केभी प्रसारण लाइनको टावर निर्माण र मार्गाधिकारमा चितवन र तनहुँ जिल्लामा पर्ने वन क्षेत्रको जग्गा र त्यहाँ रहेका बोटबिरुवा हटाउन तनहुँ हाइड्रोपावर लिमिटेड र वन तथा भूसंरक्षण विभागबीच हालै सम्झौता भएको थियो ।

यस प्याकेजको निर्माण व्यवसायी केइसी इन्टरनेशनल लिमिटेड भारतले दमौली भरतपुर २२० केभी ३३ किलोमिटर प्रसारण लाइनमा पर्ने ९४ वटा टावरमध्ये हालसम्म ७८ वटा टावरहरूको जग हाल्ने र ६९ वटा टावर जडान कार्य सम्पन्न गरिसकेको छ । यस प्याकेजको समग्र प्रगति ७६ प्रतिशत रहेको भण्डारीले बताए ।



तनहुँ जलविद्युत आयोजनाको तीनवटा प्याकेजमा काम भइरहेको छ । प्याकेज एक अन्तर्गत बाँधलगायतका संरचनाको काम सोङ्दा कालिका जेभीले गरिरहेको छ । यो प्याकेजमा ५४ प्रतिशत प्रगति भएको भण्डारीले बताए । मुख्य बाँध निर्माणका लागि डाँडा कटान, पहुँच सडक, सेती नदीको धार फर्काउन आवश्यक अस्थायी बाँध, दुईवटा डाइभर्सन सुरुङलगायत संरचनाको निर्माणकार्य सकिएको छ ।

मुख्य बाँध निर्माणका लागि सेती नदीलाई २०८० कात्तिक २० गते पथान्तरण गरिएको थियो । विसं २०८१ जेठमा मुख्य बाँधको माथिल्लो र तल्लो तटीय क्षेत्रमा अस्थायी बाँध निर्माणकार्य सकिएको जनाइएको छ ।

प्याकेज–२ अन्तर्गत विद्युतगृह तथा सम्बन्धित उपकरणको काम सिनो हाइड्रो कर्पोरेसन चीनले गरिरहेको छ । यस अवधिसम्म भूमिगत संरचना निर्माणका लागि खन्ने कार्य सम्पन्न गरी अधिकांश संरचनाको सिभिल निर्माणकार्य सम्पन्न भएको भण्डारीले बताए । विद्युतगृह, केवल सुरुङ, सर्च ट्याङ्क, टेलरेसलगायत संरचनाको मुख्य कङ्क्रिटिङ कार्य सम्पन्न भएको यस प्याकेजको प्रगति ७३ प्रतिशत छ । भण्डारीका अनुसार विद्युतगृहको सिभिल कार्य करिब सम्पन्न भएको छ भने इलेक्ट्रोमेकानिकल कार्य जारी छ । विद्युतगृहमा छाना लगाउने, पानी फाल्नेलगायतका काम भइरहेका छन् । रासस

# मनाइयो रामनवमी, जनकपुरमा शोभायात्रा

**मधेशदृष्टि**
**महोत्तरी।**

मधेश प्रदेश तथा मिथिलाञ्चल क्षेत्रमा आज भगवान् श्रीरामको जन्मोत्सव, अर्थात् रामनवमी, विविध धार्मिक अनुष्ठानका साथ भव्य रूपमा मनाइएको छ । मिथिला क्षेत्रका मठ, मन्दिर तथा देवालयहरूमा बिहानैदेखि विशेष पूजा, पाठ र धार्मिक कार्यक्रमहरू सञ्चालन भएको थियो।

विशेषगरी रामानुज सम्प्रदायअन्तर्गतका मठ–मन्दिरहरूमा निरन्तर रामनाम सङ्कीर्तन, रामायण पाठ तथा रामलीला मञ्चन भइरहेको छ भने गाउँ–सहरमा रामभजन गुञ्जिरहेका छन्।

लक्ष्मीनारायण मठका महन्थ रवीन्द्रदास वैष्णवका अनुसार, भगवान् श्रीराम केवल आराध्यदेव मात्र नभई मिथिलाका ज्वाइँका रूपमा पनि पूजित छन्।

त्यसैले रामनवमी यहाँको विशिष्ट र महत्वपूर्ण पर्व हो । मिथिलाञ्चलका विभिन्न रामजानकी मन्दिरहरूमा शुक्रबार बिहानैदेखि रामायण, श्रीमद्भागवत महापुराण तथा सुन्दरकाण्डको पाठ भइरहेको छ भने श्रद्धालुहरू व्रत बसेर पूजा–आराधनामा सहभागी भइरहेका छन् । रामनवमीको अवसरमा शुक्रबार वीरगंज र यस आसपास क्षेत्रका मठमन्दीरहरूमा पनि भगवान रामको पूजा आराधना भएको छ । जय श्रीरामको नारासहित वीरगंज महनगरका विभिन्न स्थानमा शुक्रबार बिहान धार्मिक ¥याली भएको छ । रामनवमीका अवसरमा सरकारले शुक्रबार देशभर सार्वजनिक बिदा दिएको छ।



**गहवामाइमा रामनवमीको आरती**

प्रसिद्ध धार्मिकस्थल गहवा माई मन्दिर प्राङ्गणमा शुक्रबार रामनवमीको पावन अवसरमा विशेष 'महाआरती' कार्यक्रम भएको छ । गहवा माई तीर्थ क्षेत्र विकास समितिले कार्यक्रमको सम्पूर्ण तयारी पूरा भएको जानकारी दिँदै श्रद्धालु भक्तजनालाई भव्य सहभागिताका लागि अपिल गरिएइको थियो । समितिका अनुसार बेलुकी ६:३० बजेदेखि महाआरती भएको थियो । समितिका सचिव लक्ष्मी नारायण गुप्ता र विशेष अनुरोधकर्ता डा. पुरुषोत्तम दुवेले विज्ञप्ति जारी गर्दै पवित्र उत्सवलाई सभ्य र भव्य रूपमा सम्पन्न गर्न सम्पूर्ण सञ्चारकर्मी तथा आम जनसमुदायमा हार्दिक निमन्त्रणा गरेका थिए।

**लक्ष्मणबासीको प्रशंसनीय कार्य**

पवित्र रामनवमीको अवसरमा वीरगंज–१५ लक्ष्मणवा टोलवासीले मानव कल्याणका प्रशंसनीय काम गरेका छन् । हाम्रो टोलवासी सामाजिक संस्थाले लामो समयदेखि दुइ पक्षीय तल्लो अंग विकृति समस्याबाट पीडित किशमोहन पासवानलाई घुम्टी निर्माणसँगै आवश्यक किराना सामान सहयोग उपलब्ध गराएको छ। समस्या पीडित, कमजोर आर्थिक अवस्थाका पासवानलाई आत्मनिर्भर तथा जीविकोपार्जन सहज बनाउने उद्देश्यले सहयोग गरेको संस्थाले जनाएको छ । शुक्रबार आयोजित कार्यक्रममा घुम्टी विधिवत उद्घाटन गरिएको हो।

यो कार्यका लागि आर्थिक सहयोग पु¥याउने इन्जिनियर अफजल हुसेनलाई संस्थाले विशेष धन्यवाद ज्ञापन गरेको संस्थाका अध्यक्ष दिव्यांशु कर्णले बताए।

संस्थाका सचिव सत्यम झा, उपाध्यक्ष स्वीकृति मिश्र, कोषाध्यक्ष अभिषेक ठाकुर, कार्यक्रम संयोजक प्रीति रौनियार, सहकोषाध्यक्ष सुरज चौधरी, सहसचिव आदित्य चौधरी तथा सदस्यहरू बेबी चौधरी, आरव राज सिंह, अर्नभ सिंह, चन्दन जैसवाल लगायतको उल्लेख भूमिका रहेको अध्यक्ष कर्णले बताए।

**भव्य शोभायात्रा**

राम नवमीको अवसरमा प्राचीन मिथिलाको राजधानी जनकपुरधाममा शुक्रबार भव्य शोभायात्रा निकालिएको छ।

विभिन्न हिन्दू धार्मिक तथा सामाजिक संघसंस्थाहरूको सहभागितामा आयोजना गरिएको उक्त शोभायात्राले नगर क्षेत्रलाई पूर्ण रूपमा उत्सवमय बनाएको थियो।

शोभायात्रामा सहभागीहरूले भगवान रामप्रति श्रद्धा व्यक्त गर्दै बाजागाजा, झाँकी तथा धार्मिक झण्डासहित नगरका प्रमुख सडकहरूको परिक्रमा गरेका थिए।

परम्परागत भेषभूषामा सजिएका सहभागीहरूको उल्लेख्य उपस्थितिले कार्यक्रमलाई अझ आकर्षक र जीवन्त बनाएको थियो।

यस अवसरमा सम्भावित भीडभाड र सुरक्षालाई ध्यानमा राख्दै स्थानीय प्रशासन तथा सुरक्षा निकायहरूले कडा सुरक्षा व्यवस्था मिलाएका थिए । प्रमुख चोकहरूमा नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा ट्राफिक प्रहरीको व्यापक परिचालन गरिएको थियो।

स्थानीय प्रशासनका अनुसार कार्यक्रम शान्तिपूर्ण र व्यवस्थित रूपमा सम्पन्न भएको छ।

जनकपुरधाममा राम नवमीको अवसरमा हरेक वर्ष यस्ता धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरू आयोजना हुँदै आएका छन्, जसले मिथिलाको सांस्कृतिक पहिचानलाई अझ सुदृढ बनाउँदै आएको छ।

# भारतको केदारनाथ मन्दिरसम्म साइकल यात्रा

**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंजका युवा यस सर्राफले भारतको प्रसिद्ध तीर्थस्थल केदारनाथ मन्दिरसम्म साइकल यात्रा सुरु गरेका छन् । धार्मिक आस्था र साहसिक भावना बोकेर उनले करिब १ हजार ४ सय किलोमिटर दूरी पार गर्ने लक्ष्यसहित यात्रा थालेका हुन् ।

शुक्रबार बिहान वीरगंजस्थित मितेरी पुलबाट परिवारजन, साथीभाइ, स्थानीय बासिन्दा तथा शुभेच्छुकहरूको उपस्थितिमा उनलाई बिदाइ गरिएको थियो । सहभागीहरूले सफल यात्राको कामना गर्दै हौसला प्रदान गरेका थिए ।



सर्राफले करिब एक महिनाभित्र विभिन्न सहर तथा धार्मिकस्थल हुँदै केदारनाथ पुग्ने योजना बनाएका छन् ।

यात्रामार्फत धार्मिक पर्यटन प्रवद्र्धन गर्नुका साथै नेपाल–भारतबीचको सांस्कृतिक तथा मैत्री सम्बन्धलाई थप मजबुत बनाउने उद्देश्य रहेको बताइएको छ । साथै युवाहरूलाई स्वास्थ्य, अनुशासन र सकारात्मक सोचतर्फ प्रेरित गर्ने सन्देश पनि यस यात्राले दिने अपेक्षा गरिएको छ । यात्राका क्रममा उनले विभिन्न स्थानबाट आफ्ना अनुभवहरू सामाजिक सञ्जालमार्फत सार्वजनिक गर्ने बताएका छन् ।

# बब्लु गुप्ता: मन्त्री हुँदा अमेरिका जान पाएनन्, चुनाव जिते मन्त्री हुन पाएनन्

**मधेशदृष्टि**
**सिरहा ।**

शुक्रबार बनेको बालेन्द्र शाह बालेन सरकारमा पूर्व खेलकुदमन्त्री बब्लु गुप्ता समेटिन सकेनन् । उनी मन्त्री पदबाट राजीनामा दिएर सिरहा निर्वाचन क्षेत्र नम्बर १ मा राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवार बनेका थिए । उनले ४१ हजार ३ सय २२ मत ल्याएर विजयी भएका थिए ।



नेपाली कांग्रेसका रामसुन्दर चौधरीलाई ३१ हजार ५ सय ३८ मतान्तरले पराजित गरेका गुप्ता मधेशबाट केही समयका लागि खेलकुद मन्त्री बन्दा अमेरिका जाने विषयमा विवादित भएका थिए । विवाद भएपछि उनको अमेरिका भ्रमण रोकिएको थियो भने उनले राजीनामा दिएर निर्वाचनमा होमिएका थिए ।

भारी मतले जितेका जेन्जी आन्दोलनपछि सरकारमा पुगेका गुप्ताको पार्टीले बहुमतको सरकार बनाउँदा उनी भने अटेका छैनन् । उनी पहिला मन्त्री हुँदा अमेरिका जान पाएनन्, अहिले चुनाव जित्दा मन्त्री हुन पाएनन् ।

# मधेशमा खेलकुद क्षेत्रले पायो कानूनी आधार

**मधेशदृष्टि**
**जनकपुरधाम।**

मधेश प्रदेश सरकारले खेलकूद क्षेत्रको समग्र विकास र व्यवस्थापनलाई संस्थागत बनाउने उद्देश्यसहित बहुप्रतीक्षित खेलकूद नियमावली पारित गरेको छ।

यस निर्णयलाई प्रदेशको खेलकूद इतिहासमा महत्वपूर्ण मोडका रूपमा हेरिएको छ । नियमावली पारित भएसँगै अब खेलकूदसँग सम्बन्धित गतिविधिहरूलाई कानूनी ढाँचाभित्र सञ्चालन गर्ने आधार तयार भएको छ।




नियमावली कार्यान्वयनमा आएपछि प्रदेशभित्र रहेका खेलकूद संघसंस्थाहरूको दर्ता, सञ्चालन तथा नियमन प्रक्रिया व्यवस्थित हुने अपेक्षा गरिएको छ । यसअघि कानूनी अस्पष्टताका कारण धेरै संघसंस्थाहरू अनौपचारिक रूपमा सञ्चालन हुँदै आएका थिए । अब तिनीहरूलाई विधिसम्मत रूपमा दर्ता गरी पारदर्शी ढंगले सञ्चालन गर्न सकिने विश्वास लिइएको छ।

प्रदेश सरकारले प्रादेशिक स्तरका खेलकूद प्रतियोगिताहरू नियमित रूपमा आयोजना गर्ने व्यवस्था पनि यस नियमावलीमार्फत सुनिश्चित गरेको छ । यसले स्थानीय तथा जिल्ला स्तरका प्रतिभाशाली खेलाडीहरूलाई प्रदेशस्तरमा प्रतिस्पर्धा गर्ने अवसर प्रदान गर्नेछ भने राष्ट्रिय स्तरसम्म पुग्ने आधार निर्माण गर्ने अपेक्षा गरिएको छ।

त्यसैगरी, खेलाडी उत्पादन र दीर्घकालीन विकासका लागि स्पोर्ट्स एकेडेमी स्थापना गर्ने मार्ग समेत खुला भएको छ । यस्ता एकेडेमीमार्फत आधुनिक प्रशिक्षण, प्रविधिमैत्री अभ्यास तथा आवश्यक पूर्वाधार उपलब्ध गराइने विश्वास गरिएको छ, जसले प्रदेशबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडी उत्पादनमा टेवा पु¥याउनेछ।

नियमावलीले खेलकूद स्थल तथा रंगशालाहरूको संरक्षण, व्यवस्थापन र स्तरोन्नतिमा पनि विशेष जोड दिएको छ। प्रदेशभर रहेका खेल मैदान, रंगशाला तथा अन्य पूर्वाधारहरूको प्रभावकारी उपयोग र मर्मतसम्भारका लागि स्पष्ट जिम्मेवारी निर्धारण गरिएको जनाइएको छ।

यसका अतिरिक्त, खेलाडीहरूको क्षमता अभिवृद्धि, प्रशिक्षण, प्रोत्साहन तथा पुरस्कार व्यवस्थालाई पनि नियमावलीले समेटेको छ । खेलाडीहरूको मनोबल वृद्धि र खेलकूदप्रति आकर्षण बढाउन विभिन्न प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गर्ने योजना अघि सारिएको छ।

प्रदेश सरकारका अनुसार खेलकूदलाई स्वस्थ समाज निर्माण, युवाहरूको सकारात्मक संलग्नता तथा सामाजिक एकताको माध्यमका रूपमा विकास गर्ने लक्ष्यसहित यो नियमावली ल्याइएको हो।

नियमावली कार्यान्वयनमा आएपछि मधेश प्रदेशमा खेलकूद गतिविधिहरू थप व्यवस्थित, पारदर्शी र प्रभावकारी हुने विश्वास गरिएको छ।

# मन परेको मन्त्रालय नपाइएकै हो त ?

**मधेशदृष्टि**
**वीरगंज ।**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद डा. अमरेशकुमार सिंह उद्योग मन्त्री बन्ने चर्चा थियो । तर शपथको अघि उद्योग मन्त्रालय अस्वीकार गरेको सचिवालयले जानकारी गराएको छ ।

सांसद सिंहले आफूलाई मन्त्री बन्न प्रस्ताव आएको विषयमा सार्वजनिक रूपमा टिप्पणी गर्न उपयुक्त नहुने प्रतिक्रिया दिएका छन् ।



सञ्चारकर्मीसँगको कुराकानीमा उनले पार्टीको आन्तरिक निर्णयसँग सम्बन्धित भएको भन्दै बाहिर बोल्न उपयुक्त नभएको बताए । उनले बालेन्द्र शाह प्रधानमन्त्री बनेकामा आफू खुसी रहेको बताए । मन्त्री बन्ने विषयमा आफ्नो नाम चर्चामा आएकाबारे उनले थपे, 'त्यो चर्चा त तपाईंहरूले गर्नुभयो होला, मलाई त थाहा छैन ।' उनले सरकारमा प्रधानमन्त्रीले रोजेको मन्त्रिमण्डल हुने बताए । यसैबीच, उनले नवनियुक्त प्रधानमन्त्री बालेनलाई बधाई दिँदै देश सुशासन र समृद्धिको बाटोमा अघि बढ्ने बताएका छन् । उनले फेशबकुमा लेखेका छन्, 'तपाईंको नेतृत्वमा राष्ट्रले सुशासन, समृद्धि र दिगो विकासतर्फ महत्त्वपूर्ण उपलब्धि हासिल हुने विश्वास सहित हार्दिक कामना गर्दछु ।'

# गहवामाईमा भव्य महाआरती: आस्था, एकता र आध्यात्मिक ऊर्जा एकै थलोमा



**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंजस्थित प्रसिद्ध धार्मिकस्थल गहवामाई मन्दिर परिसरमा चैत्र नवरात्रिको अन्तिम दिन 'नवमी' तथा भगवान श्रीरामको जन्मोत्सव 'राम नवमी'को अवसर पारेर भव्य महाआरती सम्पन्न गरिएको छ । परम्परागत रूपमा प्रत्येक वर्ष आयोजना हुँदै आएको यो महाआरती यसपटक पनि श्रद्धा, भक्ति र उल्लासका साथ सम्पन्न भएको हो ।

चैत १३ गते साँझ ६ बजेदेखि सुरु भएको महाआरतीमा स्थानीय भक्तजन मात्र नभई आसपासका क्षेत्र र अन्य जिल्लाबाट समेत हजारौँ श्रद्धालुहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । मन्दिर परिसर दीपमालाले झिलिमिली बनेको थियो भने भजन–कीर्तन, शंखध्वनि र घण्टनादले वातावरण पूर्णतः आध्यात्मिक बनेको देखिन्थ्यो । सहभागी भक्तजनहरूले हातमा दीप लिएर सामूहिक रूपमा आरती गर्दा उत्पन्न भएको दृश्यले धार्मिक आस्था र सांस्कृतिक गौरवलाई झल्काएको थियो ।

कार्यक्रममा वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंह, पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहाल लगायत विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको थियो । उनीहरूले यस्ता धार्मिक तथा सांस्कृतिक कार्यक्रमले समाजमा सकारात्मक ऊर्जा फैलाउने र सामाजिक एकतालाई अझ मजबुत बनाउने विश्वास व्यक्त गरे ।

गहवामाई मन्दिर क्षेत्रलाई धार्मिक आस्थाको केन्द्रका रूपमा मात्र नभई सांस्कृतिक पहिचानको प्रतीकका रूपमा पनि हेरिन्छ । राम नवमीका अवसरमा यहाँ आयोजना हुने महाआरतीले भक्तजनमा विशेष आकर्षण पैदा गर्ने गरेको छ । यसले परम्परागत संस्कार र मूल्यहरूको संरक्षण गर्दै नयाँ पुस्तामा आध्यात्मिक चेतना अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्दै आएको छ ।

यस वर्षको महाआरती कार्यक्रमलाई व्यवस्थित र सफल बनाउन कार्यसमिति सदस्य मुकेश कुमार साहको संयोजकत्वमा विशेष उप–समिति गठन गरिएको थियो । उक्त टोलीले व्यवस्थापन, सुरक्षा, सरसफाइ तथा भक्तजनहरूको सहज सहभागितामा उल्लेखनीय भूमिका निर्वाह गरेको आयोजकहरूले बताएका छन् ।

गहवामाई मन्दिरमा सम्पन्न महाआरती केवल धार्मिक अनुष्ठान मात्र नभई समाजमा एकता, सद्भाव र आध्यात्मिक जागरण फैलाउने सशक्त माध्यमका रूपमा स्थापित हुँदै गएको छ ।

# जनकपुरधाममा रामायण केन्द्रित अन्तर्राष्ट्रिय बहस

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

जनकपुरधाममा रामायणको अन्तरसांस्कृतिक महत्व, नैतिक मूल्य र जीवित परम्पराबारे केन्द्रित ४६औँ अन्तर्राष्ट्रिय सम्मेलन सुरु भएको छ ।

नेपाल साहित्यिक संघको आयोजना तथा राजर्षि जनक विश्वविद्यालयको सहकार्यमा सञ्चालन भइरहेको सम्मेलन दुई दिनसम्म चल्नेछ । 'रामायणः अन्तरसांस्कृतिक आख्यान, नैतिक संवाद र जीवित परम्परा' शीर्षकमा आयोजित सम्मेलन शुक्रबारदेखि औपचारिक रूपमा प्रारम्भ भएको हो ।



सम्मेलनमा नेपालसहित विभिन्न देशका विद्वान्, अनुसन्धानकर्ता तथा साहित्यकारको उल्लेखनीय सहभागिता रहेको आयोजकले जनाएको छ । सहभागीहरूले रामायणका सांस्कृतिक, दार्शनिक र सामाजिक आयामबारे गहन विमर्श गर्ने कार्यक्रम छ ।

आयोजकका अनुसार सम्मेलनले रामायणलाई धार्मिक ग्रन्थको रूपमा मात्र नभई बहुआयामिक सांस्कृतिक धरोहरका रूपमा अन्तर्राष्ट्रिय स्तरमा प्रवद्र्धन गर्ने लक्ष्य राखेको छ ।

साथै, यसले विभिन्न देशबीच सांस्कृतिक आदानप्रदानलाई थप सुदृढ बनाउन महत्वपूर्ण योगदान पु¥याउने विश्वास गरिएको छ । सम्मेलन शनिबार समापन हुने आयोजकले जनाएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन